# अध्याय : एक

## परिचय

### १.१ पृष्ठभूमि

सांस्कृतिक विविधताले भरिपूर्ण देश नेपालमा विभिन्न जातजातिहरूको बसोवास रहेको पाइन्छ । जसले आ-आफ्नो छुट्टाछुट्टै किसिमको विशेषताहरू बोकेका छन् । जसमध्ये आफ्नो छुट्टै किसिमका संस्कार, परम्परा र पहिचान रहेको एक समुदायको रूपमा राजवंशी समुदायलाई लिईन्छ । विशेष गरी नेपालको पूर्वी भागमा पाउन सकिने यो समुदाय झापा, मोरङ र सुनसरी जिल्लामा पाउन सकिन्छ । नेपालको पूर्वी भागमा बसोवास गर्ने यो समुदायको उत्पत्तिको स्थानको रूपमा कोच बिहारलाई लिईन्छ । पहिला राजवंशीलाई कोच अथवा कोचेको नामबाट चिनिने गरिन्थ्यो भने ईश्वी सम्बत् १५१५ देखि यो समुदायलाई राजवंशी नामले चिनिन थालिएको पाईन्छ । कोच समुदायले आफ्नो नाम हिन्दुहरूको सम्पर्कमा आए पश्चात राजवंशी राखेको पाइन्छ (शर्मा, १९७६) । राजवंशीको अर्थ हुन्छ - “राजकीय” “समुदाय” । राजवंशीहरू पुर्खौली संस्कारको धनी रहेका छन् । जसले आफ्नो मौलिक भाषा बोल्ने गरेको पाइन्छ ।

राजवंशीहरूले मुख्य रूपमा कृषि पेसालाई अँगालेको पाइन्छ । राजवंशी समुदाय पितृसत्तात्मक रहेको छ । घरमुलीको रूपमा पिता रहेको हुन्छन् भने परिवारको मुख्य निर्णयहरूमा पिताको भूमिका अग्र रहेको पाइन्छ । पिताको मृत्यु भएको अवस्थामा भने घरको जेठो छोराको निर्णयमा पिताको स्थान पाउने अधिकार हुन्छ । सन्दर्भ सामग्रीमा उल्लेख भएअनुसार राजवंशी समुदायले आफूलाई किँरातको सन्तानको रूपमा चिनाउन चाहन्छन् । राजवंशी भाषा बंगाली भाषा र आसमिज भाषाको समिश्रणको रूपमा रहेको छ । मुख्य देवताको रूपमा ठाकुरलाई मान्दछन् र प्रकृतिको पूजा गर्दछन् । राजवंशीहरूको विशेष चाडमा यिनीहरू हिलो र पानीसँग खेल्दछन् । मृत शरीरलाई गाड्ने चलन रहेको भए तापनि हाल आएर जलाउने गरेको पनि पाउन सकिन्छ ।

राजवंशीहरूले अपनाउँदा आएको विभिन्न संस्कारको छुट्टाछुट्टै किसिमको विशेषता रहेको पाइन्छ । राजवंशी समुदायको जन्मदेखि मृत्युसम्म हुने विभिन्न संस्कारहरू अरु समुदायको भन्दा भिन्न रहेको पाइन्छ ।

नेपाली समाजको प्रकृति बहुजातीय, बहुभाषिक, बहुधार्मिक रहेको छ । यहाँ आफ्नै सामाजिक, सांस्कृतिक तथा धार्मिक पृष्ठभूमि भएका जातीय, जनजातीय तथा आदिबासीहरू छन् । विश्व मानव समुदायमा विविध सामाजिक तथा सांस्कृतिक पृष्ठभूमि भएको देश नेपाल पनि एक हो । त्यस्तै नेपाल विविध भाषा, धर्म, संस्कृति तथा आदिबासी जनजाति भएको साझा एवम् संगम भूमि हो । सानै क्षेत्रफलमा अवस्थित भए तापनि नेपालको सामाजिक तथा सांस्कृतिक विशेषताहरूलाई अवलोकन गर्ने हो भने विश्वको नै सङ्क्षिप्त रूप प्रतिविम्बित हुन्छ । नेपाल आर्थिक विपन्नतामा रूमलिएको तर प्राकृतिक स्रोत र साधन तथा विविध जातिहरू तथा जनजातिहरूको सांस्कृतिक परम्पराको नरित्तिने भण्डारको देश हो । नेपालको भिन्न भिन्न भौगोलिक क्षेत्रमा भिन्न भिन्न जातिहरूको बसोवास रहेका छन् । नेपालको वि.सं.२०६८ सालको जनगणनाअनुसार १२५ जाति, जनजाति तथा आदिबासीहरूको समूह रहेका उल्लेख गरिएको छ ।

**तालिका नं. १**

**नेपालको जाति तथा जनजातिहरूको जनसङ्ख्या**

| क्र.सं. | जाति | जनसङ्ख्या | जनसङ्ख्या प्रतिशत |
|---|---|---|---|
| १. | क्षेत्री | ४,३९८,०५३ | १६.६ |
| २. | ब्राहमण | ३,२२६,९०३ | १२.२ |
| ३. | मगर | १,८८७७३३ | ७.१ |
| ४. | थारू | १,७३७,४७० | ६.६ |
| ५. | तामाङ | १,५३९,८३० | ५.८ |
| ६. | नेवार | १,३२१,९३३ | ५.० |
| ७. | कामी | १,२५८,५५४ | ४.८ |
| ८. | मुस्लिम | १,१६४,२५५ | ४.४ |
| ९. | यादव | १,०५४,४५८ | ४.० |
| १०. | राई | ६२०,००४ | २.३ |
| ११. | कुसुण्डा | २७३ | |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८ ।

यसरी यहाँ विभिन्न भाषाभाषिका १०० वटा भन्दा बढी जातजातिका मानिसहरू बसोवास गर्दछन् भने यी प्रत्येक जातिका आ-आफ्नै लोक परम्परा, रीतिरिवाज र धर्म छन् जसलाई समग्रमा नेपाली संस्कृतिको नामले चिनिन्छ ।

नेपालको पूर्वी भाग झापा र मोरङ जिल्लामा परापूर्व कालदेखि बसोवास गरी आएका राजवंशीहरू सत्रौं र अठारौं शताब्दीमा भारतको कोच विहारबाट नेपाल प्रवेश गरेका थिए । उनीहरूले सभ्य हुन राजपुत भाषाको अनुकरण गरेपछि विभाजित मुसलमान बंगलादेश र हिन्दु राजवंशी नेपालमा बसोवास गर्दछन् (शाह, १९९३) ।

पितृप्रधान नेपाली समाजमा लैङ्गिक रचनाको प्रकृति नै असमान छ । जहाँ महिला शिक्षा, स्वास्थ्य सेवा, निर्णय गर्ने शक्ति तथा रोजगारीमा कम पहुँच हुन्छ (आचार्य र बेनेट १९८१) । महिला र पुरुषमा लैङ्गिकता वृद्धिमा परम्परागत संस्कार, अशिक्षा, गरिबी र रूढीवादीले महत्वपूर्ण योगदान दिएका हुन्छन् ।

प्रत्यके समाजमा लैङ्गिकताको निर्माण महिला र पुरुषमा फरक फरक हुन्छ । लैङ्गिकता निर्माणको असमानताले गर्दा निर्णय प्रक्रियामा प्रत्येक व्यक्तिमा विविधता पाइन्छ (आचार्य र बेनिट : १९८३) । निर्णयले पनि जातियतामा प्रभाव पार्दछ । महिलाको निर्णय क्षमता उच्च जातका ब्राहमण र क्षेत्रीमा भन्दा जनजाति तथा आदिबासीमा बढी हुन्छ । राजवंशी महिलामा केन्द्रित हुन्छन् । जहाँ आर्थिक उत्तर दायित्व, वस्तुको किनबेच तथा निर्णय अधिकार महिलामा निहित हुन्छ (गौतम, २०३३) । क्षेत्री, ब्राहमण र तराईबासी जस्तो यिनीहरूमा छुत-अछुतको भावना तथा स्तरीकरण पाइँदैन । यिनीहरूमा खानपानदेखि लिएर विभिन्न चाडपर्व, संस्कारमा सबैले समान रूपमा सहभागिता जनाउँछन् ।

आय, धन, आधुनिक साधन, शिक्षा तथा स्वास्थ्य सुविधामा महिलाको पहुँच कम छ । लैङ्गिकता अन्तर सांस्कृतिक संरचना हो । प्रत्येक समाजको लैङ्गिक निर्माणमा धर्म, विश्वास र परम्परागत मुख्य तथा मान्यताले प्रभाव पार्दछन् । लैङ्गिकको निर्माणमा समाजको पनि भूमिका हुन्छ । जहाँ पुरुषलाई सम्पूर्ण उत्तरदायित्व र महिलालाई अपहेलना गरिन्छ । यो एउटा सिकिएको व्यवहार हो जुन समय अनुरूप परिवर्तन हुन्छ (शाह, १९९३) ।

माथिका उल्लिखित अध्ययन अनुसार राजवंशी महिलामा निर्णय गर्ने क्षमता उच्च जातिका महिलाहरूमा भन्दा बढी हुन्छ । तर पनि राजवंशी समुदायको लैङ्गिक निर्माणमा भूमिका खेल्ने सामाजिक, सांस्कृतिक पक्ष बारे जान्नु उत्तिकै आवश्यक छ । समाजमा सामाजिक, सांस्कृतिक र आर्थिक भूमिकाले पनि महिलाको भूमिकामा प्रभाव पार्दछ । उनीहरूको दक्षता र क्षमतालाई समाजले कुनै मान्यता दिँदैन साथै उनीहरूलाई सामाजिक, आर्थिक तथा अन्य क्रियाकलापमा निर्णयकारी भूमिका खेल्ने अवसर दिईदैन । उनीहरूलाई दोस्रो श्रेणीको नागरिक र समाजमा सहायकको भूमिकामा राखिन्छ । स्रोतमा कम पहुँचले महिलाहरूले आतम निर्भरता र पारिवारिक भूमिकामा प्रत्यक्ष असर पारेको देखिन्छ ।

### १.१.१ राजवंशी जातिको वर्गीकरण

समयको प्रवाहसँगसगै यो प्रारम्भिक कोच जातिले आफ्नो जातिगत अस्तित्वलाई कायम राख्न सकेन । फलस्वरूप कोचहरूको जातिगत स्वरूपमा परिवर्तन आएको देखिन्छ । तत्कालीन समयमा हिन्दुकरणको सिलसिलामा कोचहरूले आफ्नो जातलाई परिवर्तन गर्न थाले । फलस्वरूप राजपरिवार तथा अन्य सम्पन्न कोचहरूले हिन्दु राजपुत स्तरको राजवंशी नाम धारण गरे तर सबै कोचहरूका लागि यो सम्भव नभएर कतिपय कोचहरूले इस्लाम धर्मलाई ग्रहण गरे भने दुवै धर्म र परम्परालाई ग्रहण गर्न नचाहने कोचहरू पुरानै अवस्थामा रहिरहे । यसप्रकार प्रारम्भिक कोचहरू पछि आएर तिनवटा धार्मिक समूहमा विभाजित भएको जानकारी पाइन्छ ।

विष्टका अनुसार पनि प्रारम्भिक कोचहरू पछि तिनवटा समूहमा विभाजित भई राजवंशी कोच तथा मुस्लिम समूहमा विभाजित हुन पुगे (विष्ट, २०५२) ।

नेपालमा पाईने राजवंशीहरू सबै हिन्दु मात्र छन् । यहाँका राजवंशीहरूलाई मुख्यतयाः कोच राजवंशी, खोटाहा राजवंशी, भखरा राजवंशी, बोङ्कगा राजवंशी तथा बंगाली राजवंशी गरी ५ वर्गमा विभाजन गर्न सकिन्छ (शाह, १९९३) ।

राजवंशी समुदायभित्र सातवटा थरहरू देखिन्छन् - राजवंशी, खटाहा, ताजपुरिया, कोच, रमानिया काहाल, कोल माकरा, बोङा राजवंशी । तर झापा जिल्लामा बसोवास गर्ने राजवंशीहरूले आफ्नो थर लेख्दा राजवंशी मात्र लेख्ने गर्दछन् (श्रेष्ठ, २०६८) ।

यसरी हेर्दा प्रारम्भिक कोचहरू वर्तमान समयसम्म आईपुग्दा धेरै उपसमूहमा विभाजित भईसकेको पाइन्छ ।

## १.२ अध्ययन समस्याको प्रस्तुति

नेपाल सबै समाजहरूमा पुरुष प्रधानता स्तरीकरण पाइन्छ । जहाँ पुरुषले महिला र परिकारका सदस्यहरूमाथि शक्ति प्रयोग गर्दछन् । स्रोत साधन तथा घरायसी कार्यमा महिलाको निर्णय गर्ने शक्ति पुरुषको भन्दा कम हुन्छ (आचार्य, १९९४) ।

लैङ्गिकता अन्तर सांस्कृतिक रचना हो । जुन समाज र संस्कृतिअनुसार फरक-फरक हुन्छ । यस अध्ययनको मुख्य उद्देश्य राजवंशी समुदायका महिलाहरूको सामाजिक, आर्थिक अवस्थाको अध्ययन गर्नु हो । समाजमा महिला र पुरुषको निर्धारण लैङ्गिकता संरचनाले गर्दछ । जसले निर्णय प्रक्रिया र सामाजिक भूमिकामा असर पार्दछ । समाजमा महिलाहरू सधैं शोषित र निम्न अवस्थामा रहेका छन् । गसिन (१९९३) का अनुसार पितृसत्तात्मक समाजमा महिलाको निम्न कुरामा नियन्त्रण भएको हुन्छ :

- महिला उत्पादित कामदारको रूपमा (पति र अन्यद्वारा) शोषित हुन्छन् ।
- महिलाको पुनर्उत्पादन (सन्तान जन्माउने प्रक्रियामा महिलालाई) स्वतन्त्रता हुँदैन ।
- महिलाका गतिविधि (महिलाहरूलाई घरायसी कार्यमा मात्र सीमित गरिन्छ)
- सम्पत्ति र स्रोतमाथि नियन्त्रण ।

लैङ्गिकताको आधारमा गरिने श्रम विभाजन नै समस्या हो, जहाँ महिलालाई निश्चित घरायसी काममा सीमित गरिएको हुन्छ भने पुरूप सार्वजनिक क्षेत्रमा क्रियाशील छन् । तर ग्रामीण क्षेत्रमा यसको विपरीत त हुन्छ । महिला र पुरुष दुवैले घरायसी काम गरे पनि त्यसको

क्रमिकतामा धेरै फरक पाइन्छ । महिला प्रत्यक दिन १६ घण्टा काम गर्छन् भने पुरुषहरू घुमेर दिन बिताउँछन् (शर्मा, २०४९) ।

हाम्रो समाजमा महिलाहरू शेषित तथा पीडित छन् । उनीहरू निर्णय प्रक्रियाका सबै क्षेत्रमा अपहेलित तथा विकासका क्रियाकलापबाट बाहिर छन् । पुरुषको प्रभुत्व रहेको नेपाली समाजमा महिलाको अवस्था दजयनीय छ । उनीहरू गरिबी, अज्ञानता, वेरोजगारी आदिबाट प्रभावित छन् । परिवार पनि सामाजिक संरचनाको एउटा मञ्च हो । त्यसैले परिवारको आन्तरिक गतिशीलता नबुझिन समाजलार्य बुझ्न सकिँदैन । सामाजिक विकास प्रक्रियामा परिवारको मूलीलार्य बढी मह□व, दिईन्छ, जुन भूमिकामा सधैँ पुरुष हुन्छ । विकासका प्रत्येक नीति निर्माण तहमा पुरुष र महिला दुवैलाई सहभागी गराउनु पर्छ भन्ने मान्यता विश्वव्यापी बनिसकेको छ ।

यसै परिप्रेक्ष्यमा रहेर यस अध्ययनले निम्न प्रश्नहरूलाई जोड दिईएको छ :

- राजवंशी समुदायमा महिलाको भूमिका कस्तो छ ?
- श्रम विभाजन कस्तो छ ?
- परिवार र परिवार बाहिर महिला र पुरुषको पेसागत भूमिका कस्तो छ ?
- निर्णय प्रक्रियामा कसको भूमिका बढी छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य पूर्वी तराईको झापा जिल्लाअन्तर्गत चारपाने गाउँ विकास समिति वडा नं.३ मा विद्यमान महिला राजवंशी समुदायको सामाजिक र आर्थिक पक्षको अध्ययन अनुसन्धान तथा विश्लेषण गर्नु रहेको छ । जसअनुसार यसका विशिष्ट उद्देश्यहरू निम्नअनुसार छन् :

१) राजवंशी जातिका महिला समुदायको सामाजिक अवस्थाको अध्ययन गर्ने ।
२) राजवंशी समाजका महिलाहरूको आर्थिक अवस्थाबारे अध्ययन गर्ने ।
३) सामाजिक तथा आर्थिक स्तर (हैसियत) मा आएको परिवर्तन बारे अध्ययन गर्ने ।

## १.४ अध्ययनको मह□व एवं सान्दर्भिकता

नेपाल बहुजातीय तथा बहुभाषिक समाज हो । जहाँ सांस्कृतिक विविधताका साथै भौगोलिक विविधता पनि पाइन्छ । विभिन्न क्षेत्रका जातीय समूहहरूका आफ्नै परम्परागत प्रणाली, मुख्य मान्यता, विश्वास तथा रहनसहन हुन्छन् ।

आफ्नो छुट्टै सांस्कृतिक अस्ति□व बोकेको राजवंशी समुदायमा विभिन्न अध्ययन तथा अनुसन्धान भए तापनि महिलाको बारेमा विगतदेखि वर्तमान समयसम्म कुनै अध्ययन नभएकोले यस अध्ययनले राजवंशी समुदायमा महिलाहरूको वास्तविक स्थितिको अध्ययनमा जोड दिएको छ । समुदायमा महिला र पुरुष बिचको सम्बन्धका साथै राजवंशी समुदायका समाजमा परम्परागत रूपमा चलि आएका मुख्य मान्यता तथा सामाजिक संरचनाले महिलाको भूमिकामा पारेको प्रभाव तथा समाजमा महिलाको वास्तविक स्थितिका साथै महिलाको आर्थिक अवस्थामा जोड दिईएको छ ।

समाजका आधारभूत त□वहरू जस्तै : सामाजिक, सांस्कृतिक, धार्मिक मुख्य मान्यता तथा आर्थिक र शैक्षिक पक्षलाई यस अध्ययनमा जोड दिइएको छ । समाजमा लैङ्गिक रूपमा निर्धारित भूमिकाले पारिवारिक निर्णय प्रक्रिया तथा स्रोत, साधनमाथि उनीहरूको पहुँच कस्तो रहेको छ भन्ने विषयमा अध्ययन केन्द्रित रहेको छ ।

यस अध्ययनले राजवंशी समुदायका महिलाहरूको आर्थिक तथा सामाजिक अवस्थाका बाारेमा जानकारी लिन चाहने स्वदेशी तथा विदेशी अनुसन्धानकर्तालाई सहयोग गर्नुका साथै यस अध्ययनले योजनाविद् नीति निर्माण तथा विकासका क्रियाकलाप सञ्चालन गर्न सहयोग गर्नेछ ।

## १.७ अध्ययनको संगठन

यस शोधपत्रलाई विषयवस्तुको प्रकृति, अध्ययनका आधार र प्रस्तुतीकरणलाई सरल एवं उद्देश्यमूलक बनाउन जम्मा ६ वटा अध्यायमा संगठित गरिएकोछ । अध्याय एक अर्न्तगत अध्ययनको पृष्ठभूमि, राजवंशी जातिको वर्गीकरण, अध्ययनको समस्याको प्रस्तुति, अध्ययनको उद्देश्य, अध्ययनको मह□व एवम् सान्दर्भिकता र अध्ययनको संगठन समावेश गरिएको छ ॥

अध्याय दुई अर्न्तगत सन्दर्भ साहित्यको अध्ययन छ जस अन्तर्गत जातिगत अध्ययन, बसोबास र प्राचिनता सम्बन्धी अध्ययन, सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन समावेश गरिएकोछ । अध्याय तीनमा अनुसन्धान विधि अन्तर्गत अध्ययन क्षेत्रको छनोट, अनुसन्धानको ढाँचा, तथ्याङ्कको स्रोत, तथ्याङ समग्रता तथा छनोट विधिहरू, तथ्याङ्क संकलन विधि, तथ्याङ्कको विश्लेषण एवम् प्रस्तुति, अध्ययनको सीमा र अध्ययनमा प्रयोग भएका परिभाषिक शब्दावली समावेश गरिएकोछ । अध्याय चार अर्न्तगत  अध्ययन भित्रको भौगोलिक अवस्था समावेश गरिएकोछ जस अन्तर्गत झापा जिल्लाको भौगोलिक, ऐतिहासि, धार्मिक अवस्थाका तथ्याङ्करूको प्रस्तुतीकरण र विश्लेषण उद्देश्यलाई पूरा गर्ने गरी श्रृङ्खलाबद्ध गरिएकोछ । । अध्याय पाँच अर्न्तगत सामाजिक स्थिति अन्तर्गत समुदायको संरचना, जनसाङ्ख्किीय विशेषता जातिय संरचना शैक्षिक, आर्थिक स्थिति, आम्दानी, बालीनालीका साथै पारिवारिक सम्पत्तिको निर्णय आदि विषयलाई आधार बनाई व्याख्या विश्लेषण गरिएको छ भने अध्याय छ अन्तर्गत अध्ययनको सारांश, निष्कर्ष र सुझावहरू राखिएको छ ।

अन्त्यमा सन्दर्भ सामग्री सूचीका साथै अनुसूचीहरू प्रश्नावलीका र सम्बन्धित सम्बन्धित अध्ययन क्षेत्रमा गई अनुसन्धाताहरूसँगको तस्वीर लिई अन्त्यमा राखिएको छ ।

# अध्याय : दुई

## सम्बन्धित साहित्यको अध्ययन

भौगोलिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक आदि विविधता एवं विशेषतापूर्ण नेपाली संस्कृतिलाई हेर्दा उत्तर र दक्षिणको संस्कृतिलाई गाल्ने भाडाको रूपमा लिन सकिन्छ । यस्तो समृद्धिशाली नेपाली समाज तथा संस्कृतिको अध्ययनमा समाजशास्त्री तथा मानवशास्त्रीहरूले पहिलेदेखि नै उत्सुकता देखाएको भए तापनि सन् १९० को दशकभन्दा अगाडि जति पनि अध्ययनहरू भएका छन् ती सबै सतही रूपमा नै भएको देखिन्छ ।

खास गरी १९५१-५२ को दशकपछि नेपाली समाज संस्कृतिको अध्ययन उल्लेखनीय हुन पुगेको देखिन्छ । पछि नेपाली समाज संस्कृतिको अध्ययन उल्लेखनीय हुन पुगेको देखिन्छ । फलस्वरूप स्वदेशी तथा विदेशी विद्वानहरूले नेपाली समाजका विभिन्न पक्षहरूको सम्बन्धमा गहनतम रूपमा अध्ययन अनुसन्धानहरू प्रारम्भ गरेको भए तापनि नेपालमा भएका सम्पूर्ण जनजातिहरूको बारेमा यथेष्ट मात्रामा अध्ययन अनुसन्धान हुन बाँकी नै छ ।

नेपालका विविध जातिहरूमध्ये परापूर्व कालदेखि नै झापा, मोरङ सुनसरी जिल्लामा बसोवास गर्दै आएका राष्ट्रिय गौरवका जातिहरूमध्ये राजवंशी पनि एक हुन् तर यस जातिको जातिगत तथा सामाजिक, आर्थिक पक्षको सन्दर्भमा यथेष्ट रूपमा जानकारी दने स्रोतहरूको हामीसँग अभाव रहेको छ । विशेष गरी घरायसी कार्यमा मात्र सीमित रहेका राजवंशी महिलाहरूले सामाजिक र आर्थिक क्षेत्रको बारेमा यथेष्ट रूपमा अध्ययन भएको देखिँदैन तापनि राजवंशी महिलाहरूको बारेमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आफ्ना ग्रन्थहरूमा वर्णन गरेका छन् ।

### २.१ जातिगत अध्ययन

राजवंशी भन्नाले शुद्ध मौलिक रूपमा एक पूर्ण अलग्गै द्रविर्णियन सम्बन्ध भएको समूहलाई दर्शाउँछ तर कालान्तरमा मोनास नदी पश्चिमका कोचहरूले हिन्दु धर्म ग्रहण गरी राजवंशी जातिको नाम ग्रहण गरे (गेइट, १९६२) ।

सुरुमा यो जातिको नाम कोचे वा कोच नै थियो तर पछि हिन्दु धर्म र परम्पराको प्रभाव बढ्दै गएपछि यिनीहरूले आफूलाई राजवंशी नामकरण गरेको ऐतिहासिक परम्पराको आधारमा थाहा हुन्छ (शर्मा, १९७६) ।

## २.२ बसोबास र प्राचीनता सम्बन्धी अध्ययन

ई.सं. १८०२ र १८०३ मा विजयपुर राज्यको पूर्वी भागमा बंगाली भाषा बोल्ने कोच वा राजवंशीहरू त्यहाँका मुख्य निवासी हुन् (ह्यामिल्टन, १९७१) ।

८८ डिग्री देखि ९३ डिग्री पूर्वी देशान्तर र २५ डिग्री देखि २६ डिग्री उत्तर अक्षांश बिचको पूर्वी धनश्री नदी र पश्चिम कन्काई नदी बिचको क्षेत्र राजवंशीहरूको बसाई क्षेत्र हो (हड्सन, १८८०) ।

नेपाल बाहेक भारतको आसाम, बंगलादेशको उत्तर पश्चिम भू-भाग तथा भुटानको समथर भू-भागमा पनि राजवंशीहरू बसोवास गर्दछन् (श्रेष्ठ, २०४२) ।

महाभारत पर्वमा समेत उल्लेख भएका राजवंशीहरू झापा र मोरङका सबैभन्दा पुराना बासिन्दा हुन् । सत्रौं अठारौं शताब्दीमा विहार र मोरङदेखि लिएर आसामसम्म फैलिएको कोच साम्राज्य भारतलाई अङ्ग्रेजले र झापा र मोरङलाई नेपालले आफूमा गाभेपछि राजवंशीहरूको राजनीतिक इतिहास समाप्त भएको देखिन्छ (विष्ट, २०५२) ।

कोच विहारमा शासक हाजोको ई.सं.१२० मा पूर्वी आसाम र नेपालको आधा मोरङसम्म आफ्नो राज्यलाई विस्तार गरेका थिए यसरी नै राजवंशीहरू कोच विहार हुँदै नेपालको भूमिमा भित्रिएको देखिन्छ (बज्राचार्य, २०३३) ।

एक हजार वर्ष पूर्वताका यिनीहरू भारत पूर्वतिरबाट पसी ब्रहमपुत्र नदीको किनारमा बसोवास गरेका तथा यतैबाट उत्तर र पूर्वी बंगाल तथा झापामा फैलिएका हुन् (श्रेष्ठ, २०३२) ।

राजवंशीहरूको शारीरिक सुङगठन, आकार र चाडपर्वहरूलाई सूक्ष्म रूपले मनन गर्दा यो जाति कुनै विशुद्ध एक्लो रगत भएको नभएर भिन्न भिन्न जातिहरूको समिश्रित रक्त भएको जाति देखिन आउँदछ (उपाध्याय, २०५०) ।

झ्वाट्ट हेर्दा राजवंशी नाम थरमा संस्कृत भाषाको प्रभाव देखिन्छ । पहिला यिनीहरू कोच मात्र थिए । किम्बदन्तीअनुसार कोच राजा हाजोका नाती विषुले कुच विहारको राज्य स्थापना गरेका थिए । यो कुच विहार आज पनि एउटा सहरको रूपमा भारतको पूर्वी क्षेत्रमा छ (विष्ट, १९७२) । राजवंशीहरूको पूर्वज कोचहरू नै हुन् । ई.सं. १२६१ सम्ममा सम्पूर्ण काम रूप क्षेत्रमा फैलिएका थिए (क्षेत्री, २०५४) ।

भारतको आसाम र उत्तर बंगालको तराई क्षेत्रदेखि नेपाल अधिराज्यको झापा र मोरङ जिल्लाहरूसम्म फैलिएर बसोवास गर्ने कोच जाति राजवंशी नामले बढी परिचित छ (शर्मा, १९७६) ।

## २.३ सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन

राजवंशी समाजमा आइमाईहरूको ठूलो मर्यादा हुन्छ । छोराहरूले आमाको सम्पत्ति लिन्छन् । छोरीको विवाह गरी दिने जिम्मेवारी पनि आमाको नै हुन्छ (विष्ट, २०५२) ।

प्राचिन कोचहरूले हिन्दहरूसँग वैवाहिक सम्बन्ध सुरु गरेपछि आफ्ना पुराना परम्परा बानीहरूसँगको सहवासको कारणले उनीहरू बंगाली सरह नै हुन पुगे (रौनी, १८८२) ।

स्वभावतः एकै ठाउँमा गुजमुज्ज घर बनाएर बस्न रूचाउने राजवंशीहरू विशेषतः माछा मार्ने, सिकार खेल्ने, नाचगान गर्न मन पराउँदछन् । साथै सहनशिलता, धैर्यवान र नैतिकतावान यो जातिहरू चन्द्रवंशीय क्षेत्री हुन् (ताजपुरिया, २०३६) ।

कृषि, पशुपालनबाट जीवन बिताउने र केही मात्रामा कपासका कपडाहरू बुनेर आफ्नो आवश्यकता पूरा गरी समुदायमा मिलीजुली शान्तमय जीवन व्यतित गर्ने राजवंशीहरूको पहिला उनीहरूको गाउँको आफ्नै सङ्गठन हुन्थ्यो (विष्ट, २०५२) ।

मुख्य पेसा कृषि भएका पूर्वी तराईका राजवंशीहरू सहर बाहिर समुदायमा माटोबाट निर्मित घरहरूमा बस्दछन् । एउटै परिवारका तिन चारवटा स-साना घरहरू चारैतिर बनाई बिचमा आँगन बनाएका हुन्छन् (मेचीदेखि महाकालीसम्म, २०३१) ।

गर्मी ठाउँमा बस्ने भएका हुनाले राजवंशीहरूको पोशाक साधारण नै हुन्छ । लोग्ने मानिसहरू घुँडासम्म आउने धोती लगाउँदछन् र स्वास्नी मानिसहरू घुँडासम्म छोप्ने पेटानी छातीमा बाँध्दछन् (शर्मा, १९७६) ।

राजवंशी मूलतः हिन्दु संस्कारमा समाहित भएको हुनाले राजवंशीहरू सबै जातसँग सद्भावका साथ मिलीजुली बसोवास गर्दछन् । पिछडिएका, सोझा, स्वभावका संकोची, अनाडम्बरी, राजवंशीहरू वचनका पक्का र मनको चोखा हुन्छन् (उपाध्याय, २०५१) ।

पुरुषका कामलाई उत्पादनशील मानिन्छ, जसको आर्थिक भूमिका हुन्छ । महिलाले गर्ने घरायसी काम जति नै मह□वको भए पनि त्यसलाई अनुत्पादनशील मानिन्छ किनकि यसले व्यापारिक उत्पादनमा कुनै योगदान दिँदैन (घिमिरे, १९९४) ।

आचार्य (१९९७) का अनुसार परम्परागत सामाजिक संस्कार पनि आर्थिक विकासका क्रियाकलापमा महिला सहभागिताको बन्धक हो । यसले गर्दा निर्णय प्रक्रियाका महिलाको भूमिका विम्ब हुन्छ । आर्थिक विकासका क्रियाकलापमा महिला सहभागिताको वृद्धि गर्न सकेमा उनीहरूको निर्णय गर्ने क्षमतामा पनि वृद्धि हुन्छ ।

महिलाको निर्णय क्षमतामा वृद्धि गर्नका लागि उनीहरूलाई विकासका प्रत्येक योजना निर्माणमा समान रूपमा सहभागी गराउनुपर्दछ न कि प्राप्त कर्ताको रूपमा । सक्रियकर्ताको रूपमा लिने हो भने महिलाको भूमिकामा परिवर्तन हुन्छ (श्रेष्ठ, १९९४) ।

नेपाली महिला स्वतन्त्र कामदार नभएर पुरुषद्वारा सञ्चालित हुन् । प्रत्येक समुदायमा महिला र पुरुष बिचको निर्णय प्रक्रिया फरक हुन्छ (आचार्य र वेनेटका) यसैगरी राजवंशी समुदायमा पनि क्षेत्री, ब्राहमण र तराईबासीहरूको जस्तो छुवाछूत र सामाजिक स्तरीकरण पाइँदैन । यिनीहरू बिच खानपान, उठबसदेखि लिएर विभिन्न चाडपर्व, संस्कार तथा निर्णयमा समान सहभागिता पाइन्छ (घिमिरे, २०६१) ।

# अध्याय : तिन

## अनुसन्धान विधि

यो अध्ययन अनुसन्धान समाजशास्त्री/मानवशास्त्रीय भएको हुनाले यसको अध्ययन विधि पनि सोही अनुरूप छ। जसको लागि निम्न प्रक्रियाहरू अपनाइएको छ।

### ३.१ अध्ययन क्षेत्रको छनोट

यस अध्ययनको लागि पूर्वी नेपालमा झापा जिल्लाअन्तर्गत पर्ने चारपाने गाउँ विकास समिति वडा नं. ३ का महिला राजवंशीहरूलाई अध्ययन क्षेत्रको रूपमा लिईएको छ। यस गा.वि.स. का ९ वटै वडाहरूमा यस जातिको वासस्थान रहेको छ।

### ३.२ अनुसन्धान ढाँचा

प्रस्तुत यस अध्ययन अनुसन्धानको ढाँचा वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचामा वर्णन गरिएको छ। जसबाट चारपाने गा.वि.स. अन्तर्गत वडा नं. ३ मा रहेका राजवंशी महिलाहरूको सामाजिक तथा आर्थिक पक्षहरूको अध्ययन गरिएको छ।

### ३.३ तथ्याङ्कको स्रोत

यस अध्ययनको लागि प्राथमिक तथा द्वितीयक दुवै प्रकारका स्रोतहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ।

#### ३.३.१ प्राथमिक तथ्याङ्क

यस अध्ययनमा प्राथमिक तथ्याङ्कअन्तर्गत प्रश्नावली, अन्तर्वार्ता अवलोकनका आधारबाट चारपाने गा.वि.स. वडा नं.३ मा रहेका महिला राजवंशीहरू तथा अन्य जानकारी प्राप्त व्यक्तिहरूबाट लिईएको परिमाणात्मक र गुणात्मक तथ्याङ्कलाई लिईएको छ।

### ३.३.२ द्वितीयक तथ्याङ्क

द्वितीयक तथ्याङ्कहरूअन्तर्गत गुणात्मक तथ्याङ्कहरू पर्दछन् । जसको लागि विभिन्न समाजशास्त्री, मानवशास्त्री तथा विभिन्न लेखकहरूद्वारा यस जातिसँग सम्बन्धित प्रकाशित तथा अप्रकाशित लेख, रचना, ग्रन्थ तथा विभिन्न प्रशासनिक (सरकारी तथा गैरसरकारी) लागतहरू आदिबाट तथ्याङ्क लिईएको छ ।

## ३.४ समग्रता तथा नमुना छनोट विधिहरू

प्रस्तुत यस अध्ययनमा अनुसन्धान कर्ता २५ दिनसम्म सम्बन्धित अध्ययन क्षेत्रमा घुमी यस अध्ययन क्षेत्रमा रहेका ६० घरधुरी राजवंशी मध्ये ४० घरधुरी राजवंशी विशेष गरी विवाहित महिला राजवंशी हरूसँग सुमधुर सम्बन्ध कायम गर्दै अध्ययनको उद्देश्य पूर्तिको लागि अवलोकन, प्रश्नावली तथा अन्तर्वार्ता स्रोत व्यक्ति जस्ता तथ्याङ्क सङ्कलनका विधिहरूको प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

अध्ययनको पूर्णतः उद्देश्य निरूपणको लागि तथ्याङ्क सङ्कलन गर्नका लागि जनगणना विधिलाई अवलम्बन गरिएको छ । जसको लागि यस गा.वि.स.को वडा नं.३ मा बसोवास गर्ने ६० घरधुरीबाट ४० जना राजवंशी महिलाहरू विशेषगरी विवाहित महिलाहरूलाई यस अध्ययनको लागि उद्देश्यमूलक छनोट गरी बन्द प्रश्नावली र अन्तर्वार्ताको माध्यमद्वारा प्रश्न सोधी तथ्याङ्क सङ्कलन गरिएको छ भने अन्य यस जातिसँग परिचित वा जानकारी राख्ने व्यक्तिहरूलाई सूचनादाताको रूपमा लिइएको छ ।

### ३.५.१ अवलोकन

यसमा सहभागी र असहभागी अवलोकन पद्धतिलाई अपनाई तथ्याङ्क सङ्कलन गरिएको छ । यस पद्धतिद्वारा राजवंशी महिलाहरूको लवाई, खुवाई, बसोवास, बस्तीको सुविधा, खेतीपाती गर्ने तरिका आदिका बारेमा तथ्याङ्क सङ्कलन गरिएको छ । यस प्रकारको तथ्याङ्क सङ्कलन गर्दा फोटो खिच्ने र त्थ्याङ्क सङ्कलनका क्रममा देखिएका सम्पुर्ण कुराहरूलाई

टिपोट गरिएको छ । यसरी यस माध्यमबाट अध्ययनकर्ताले आफूले देखेको तथा अनुभव गरेको कुराहरूको आधारमा तथ्याङ्कको सङ्कलन गरिएको ।

### ३.५.२ प्रश्नावली

यस प्रविधिको माध्यमबाट चारपाने गा.वि.स. ३ का कुल ६० घरमध्ये ४० भरमा उपस्थित भई प्रत्येक घरका महिलाहरूलाई आफूले तयार पारेर लगिएको निर्मित प्रश्नावलीको साथै अनिर्मित प्रश्नावलीको माध्यमबाट समेत उनीहरूको पारिवारिक लागत, महिलाहरूको अवस्था, आर्थिक पक्ष, स्वास्थ्य पक्ष, शैक्षिक पक्ष, रहनसहन आदि पक्षहरूको परिमाणात्मक तथा गुणात्मक तथ्याङ्कहरूको सङ्कलन गरिएको छ ।

### ३.५.३ अन्तर्वार्ता

यस अध्ययन अनुसन्धानमा प्रश्नावलीबाट उत्तर पाउन नसकिने तथा अवलोकनको लागि असम्भव पक्षहरू, ऐतिहासिकता महिलाहरूको सामाजिक तथा आर्थिक पक्षहरूको बारेमा यसै जातिका महिला यस जातिसँग स्पष्ट जानकारी प्राप्त यसै गा.वि.स.अन्तर्गतका विभिन्न व्यक्तिहरूलाई मुख्य सूचना दाताको रूपमा अन्तर्वार्ता लिई गुणात्मक तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण एवं प्रस्तुति

तथ्याङ्क सङ्कलनका क्रममा प्राथमिक एवं द्वितीयक स्रोतको आधारमा सङ्कलन गरिएका सङ्ख्यात्मक तथा गुणात्मक तथ्याङ्कहरूलाई तथ्याङ्कको प्रकृतिअनसार वर्गीकरण गरी स-साना तालिका बनाई विश्लेषण गरिएको छ ।

तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतिकरण गर्दा क्रमबद्ध किसिमबाट सम्पादन, वर्गीकरण गरेर आवश्यकताअनुसार औसत समेत निकाली सोधको उद्देश्य अनुरूप प्रस्तुतिकरण गरिएको छ ।

तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतिकरण गर्दा क्रमबद्ध किसिमबाट सम्पादन, वर्गीकरण गरेर आवश्यकताअनुसार औसत समेत निकाली शोधको उद्देश्य अनुरूप प्रस्तुतिकरण गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

प्रत्यके अध्ययन अनुसन्धानका आफ्नै सीमाहरू हुने हुनाले त्यही सीमाहरूको आधारमा अध्ययनलाई सीमाबद्ध गर्नुपर्ने हुन्छ । अनुसन्धान भनेको निश्चित अवस्थामा निश्चित उद्देश्य प्राप्तिको लागि गरिएको कार्य हुनाले एउटा निश्चित सीमाभित्र रही गरिएको अनुसन्धान कार्य कुनै अर्को सीमाभित्र मान्य हुनुपर्दछ भन्ने चाँहि छैन । त्यस्तै यस अध्ययन अनुसन्धानको पनि आफ्नै प्रकारका सीमाहरू रहेका छन् :

- यो अध्ययन अनुसन्धान झापा जिल्ला चारपाने गा.वि.स. वडा नं.३ का महिला राजवंशीहरूको सामाजिक तथा आर्थिक पक्षको अध्ययन अनुसन्धान भएको हुनाले यस अनुसन्धानबाट प्राप्त तथ्याङ्कहरू अन्य जनजाति हुनाले यस अनुसन्धानबाट प्राप्त तथ्याङ्कहरू अन्य जनजाति तथा अर्को स्थानका बसोवास गर्ने महिला राजवंशीहरूमा समते लागु नहुन सक्दछ ।
- यो अध्ययन अनुसन्धान स्नातकोत्तर उपाधिको लागि गरिएको र सीमित समयमा सीमित क्षेत्र र साधनमा सम्पन्न गर्नुपर्ने भएकोले विस्तृत क्षेत्रमा अध्ययन नगरी मात्र यस गा.वि.स. वडा नं.३ का कुल ४० घर परिवारका महिला राजवंशीका सीमित गरिएको छ ।
- यो अनुसन्धान तथा अध्ययन कुनै सिद्धान्तमा आधारित छैन । यसले मात्र महिला राजवंशीहरूको सामाजिक तथा आर्थिक अवस्थाको बारेमा अध्ययन गरिएको छ ।

# अध्याय : चार

## अध्ययन क्षेत्रको भौगोलिक अवस्था

### ४.१ झापा जिल्लाको ऐतिहासिक पृष्ठभूमि

श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको शासन काल पूर्व मोरङ्ग र झापामा सेन वंशको राज्य थियो । सन् १७७३ मा अभिमान सिंह बस्नेत र सरदार सारथी भडारीको नेतृत्वमा आएको फौजले आक्रम गरी विजयपुरलाई पनि कब्जामा लिए । अभिमानसिंह बस्नेतको नेतृत्वको फौजले पल्लो किराँतको उत्तरी सीमाना र पूर्व तमोर नदीसम्म अधिकार जमायो ( जिविस, २००८) ।

सिहलिला (फालेलुङ्ग डाँडा) पहाडको पानी दलको पश्चिम तर्फ बसोवास गरेका र सिक्किम राज्यबाट सताएका लिम्बू जातिहरू गोर्खालीसँग सम्झौता गरी नेपाल एकीकरणमा समाहित भएकोले श्री ५ पृथ्वीनारायण शाहको समयमा नेपालको सीमाना पूर्वी पहाड तर्फ सिंहलिला पहाड सम्म र मैदानतर्फ कन्काई नदी क्षेत्रसम्म फैलियो (जिविस, २००८) ।

सन् १७८३ मा श्री ५ रणबहादुर शाहको शासनकालमा नेपालको सीमाना पश्चिम तर्फ कुमाऊ र गढवाल र पूर्वतर्फ टिष्टा नदीसम्म पुगेको थियो । तर सन् १८१४ मा अङ्ग्रेजले विराटनगर र रंगेली बिच पर्ने “धनपूर” भन्ने स्थान र झापा बजार हाल कुमरखोद गा.वि.स.मा आक्रमण गरी आफ्नो कब्जामा लियो । बाध्यतावश १८१६ मार्च ४ मा सुगौली सन्धीमा हस्ताक्षर गर्न नेपाल बाध्य भयो र मेची नदी सदाको लागि पूर्वी अन्तर्राष्ट्रिय सीमाना हुन पुग्यो (जिविस, २००८) ।

### ४.२ झापा जिल्ला र चारपाने गा.वि.स.

झापा जिल्लाको नेपाल अधिराज्यको पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गत सुदूर पूर्वी तराईको एक विकसित जिल्ला हो । क्षेत्रफल र जनसङ्ख्याको हिसाबमा क्रमशः सत्चालीसौ र चौंथो स्थानमा पर्ने यो जिल्ला उत्तरमा २६°२० देखि २६°५० अक्षांससम्म र पूर्वमा ८७°३९° देखि ८८°१२° देशान्तरसम्म फैलिएको छ । यो जिल्ला समुद्र सतहबाट ५८ मिटरदेखि ५०० मिटरसम्मको उचाईमा अवस्थित छ । नेपालको सबैभन्दा होचो भाग केचनाकवल यसै

जिल्लाको केचना गा.वि.स. वडा नं.३ मा पर्दछ । र नेपालको सबैभन्दा लामो पक्की पुल कन्काई पुल (७०३ मिटर लामो) यसै जिल्लामा रहेको छ । जम्मा क्षेत्रफल १६०६ वर्ग कि.मि भएको यस जिल्लाको पूर्व पश्चिम लम्बाई ४६ कि.मि र उत्तर दक्षिण चौडाई २९ कि.मि छ ( जिविस, २००८) ।

### ४. २.१ उमेरको हिसाबले गा.वि.स.को जनसङ्ख्या

उत्तरमा चुरे क्षेत्र र दक्षिणमा भारतको समथर क्षेत्रले घेरेको यस जिल्लामा हिउँदमा चिसो र ग्रीष्ममा बढी गर्मी हुने गर्दछ । उत्तरतर्फ भावर प्रदेश र दक्षिण तराई प्रदेशमा विभाजित यस जिल्लालाई ७ वटा संसदीय निर्वाचन क्षेत्र, १७ वटा इलाका, ३ वटा नगरपालिका र ४७ वटा गा.वि.स.हरूमा विभाजन गरिएको छ ।

**तालिका नं. २**

**उमेरको हिसाबले गा.वि.स.को जनसङ्ख्या**

| उमेर | पुरुष | महिला |
|---|---|---|
| ०-४ | ७५९ | ७३० |
| ५-९ | ८९७ | ८३२ |
| १०-१४ | १०१८ | ९८५ |
| १५-१९ | ९९० | ९३४ |
| २०-२४ | ६५९ | ९७४ |
| २५-२९ | ५८७ | ८७९ |
| ३०-३४ | ६४७ | ८१९ |
| ३५-३९ | ६६७ | ६९३ |
| ४०-४४ | ५७१ | ५०३ |
| ४५-४९ | ४३५ | ३९८ |
| ५०-५४ | ३४६ | ३१५ |
| ५५-५९ | २७५ | २५९ |
| ६०-६४ | २१५ | २२४ |
| ६५-६९ | १७१ | १५७ |
| ७०-७४ | १२९ | ११२ |
| ७५+ | १३२ | १५० |
| **जम्मा संख्या** | **८४९८** | **८९६४** |
| **जम्मा महिला र पुरुषको संख्या = १७,४६२** | | |

Source: National population and housing census, 2011

आफ्नै मौलिक सांस्कृतिक तथा सामाजिक मूल्यमान्यता बोकेका विभिन्न जातजातिको सङ्गम थलोको रूपमा चारपाने गा.वि.स.वडा नं.३ लाई अध्ययन क्षेत्र छनोट गरिएको छ । यस चारपाने गा.वि.स.मा राजवंशीहरूको साथै बाहुन, क्षेत्री, सतारहरू बसोवास गर्दछन् । यस अध्ययन क्षेत्रमा जम्मा ७६० घरघुरी रहेका छन् । यहाँ राजवंशीहरू ६० घरपरिवार क्षेत्री २१० ब्राहमण १८० सतार ३० शाह २६ मुसलमान ५ घरपरिवार रहेका छन् । यसरी विभिन्न जातजातिको बसोवास रहेको यस क्षेत्रका जम्मा ३,३६२ जनसङ्ख्या रहेको छ (तथ्याङ्क विभाग २०७१) ।

यस अध्ययन क्षेत्रमा सरकारी र निजी स्तरका गरी जम्मा ५ वटा विद्यालय रहेका छन् । साथै स्वास्थ्य उपचारका लागि स्वास्थ्य चौकी, निजी अस्पताल, व्यापार व्यवसायका लागि स्थानीय बजार र सुरक्षाको लागि प्रहरी चौकी रहेको छ ।

यस चारपाने गा.वि.स.का मानिसको जीवन शैली सामान्य प्रकृतिको छ । विभिन्न जातजातिका मानिसहरू बिच एक आपसमा सहयोगी भावना पाइन्छ । कृषि तथा व्यापारमा आधारित यस गाउँका विशेषता बोकेको यस क्षेत्रमा स्थानीय सानो बजार, सरकारी स्कुल निजी विद्यालय, निजी अस्पताल रहेका छन् । विभिन्न जातजातिको बसोवास रहेको यस ठाउँमा राजवंशी समुदायमा रहेका महिलाहरूको सामाजिक र आर्थिक अवस्थाबारे अध्ययन गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो ।

### ४.३ झापा जिल्लाको नामकरण

तराईको समतल भू-भाग झापा जिल्लाको सम्पूर्ण प्रशासनिक कार्य पहिले मोरङ गोश्वाराले हेर्ने गर्दथ्यो । पछि उक्त मोरङ्ग गोश्वारा हालको कुमरखोद गा.वि.स.अन्तर्गत पर्ने झापा गाउँमा सारियो जुन गाउँ हाल पनि कुमरखोद गा.वि.स. झापा बजार नामले चिनिन्छ । तसर्थ त्यस झापा गाउँको नामबाटै कालान्तरमा यस ठाउँको नाम झापा रहन पुग्यो । झापा जिल्लाका आदिबासी जाति राजवंशीहरूको भाषामा झापाको अर्थ ढकनी वा बिर्को भन्ने अर्थ लाग्ने र शताब्दीऔंदेखि वनजङ्गलबाट ढाकिएको वा छोपिएको हुँदा यस ठाउँको नाम झापाबाट झापा रहन गएको भन्ने भनाई रही आएको छ (जि.वि.स., २००८) ।

यसरी विगतदेखि आफ्नै ऐतिहासिक पृष्ठभूमि रहेको यस जिल्लाको सीमाना पूर्वमा पश्चिम बंगाल, पश्चिममा मोरङ्ग उत्तरमा इलाम र दक्षिणमा बिहार राज्य पर्दछ । ४८ गा.वि.स. रहेको यस जिल्ला ६३३०४२ जनसङ्ख्या छ । झापा जिल्लाका विभिन्न गा.वि.स.हरूमध्ये चारपाने गा.वि.स. वडा नं.३ यस अध्ययनको मुख्य अध्ययन क्षेत्र हो । राजनीतिक तथा प्रशासनिक रूपमा ९ वटा वडामा विभाजित यो गा.वि. अनारमनी, अर्जुनधारा, धैलाढबा गा.वि.स.द्वारा घेरिएको छ । यस चारपाने गा.वि.स.को कुल जनसङ्ख्या १७,४,६२ रहेको छ ।

## ४.४ झापा जिल्लाको हावापानी

नेपालको तराई क्षेत्र समथल भू-भागमा पर्दछ । यहाँको करिब ४ हजार फिटसम्मको उचाईमा पर्ने भागहरूमा उष्ण जलवायु भेटिन्छ । यहाँ गर्मी मौसम बढी हुन्छ । जाडो महिनामा त्यति जाडो हुँदैन । झापा जिल्लाको गर्मी मौसममा अधिकतम तापक्रम ३७.७$^{0}$ र न्यूनतम तापक्रम पुस महिनामा ५० सेल्सियससम्म पुग्छ भने सापेक्षित आर्द्रता पनि बढी नै हुन्छ । मनसुन छिटो सुरु हुने र पछिसम्म रहने यस जिल्लाको विशेषता हो । यहाँको वर्षा बङ्गालको खाडीबाट सुरु हुन्छ । सामान्यतयाः मे महिनाको अन्त्यबाट सुरु मात्र अगस्टसम्म तिन महिना वर्षा हुने गर्दछ । कहिलेकाहीँ यो वर्षा मनसुनको कारणले सेप्टेम्बरसम्म लम्बिएर जान पनि सक्छ । झापा जिल्लाको वार्षिक औसत वर्षा ३६ ८८.२८ मी.मी. हुने गर्छ (झापा कृषि झलक २०५७) ।

## ४.५ राजवंशी जातिको ऐतिहासिक पृष्ठभूमि

राजवंशी पूर्वी नेपालका आदिबासी जाति भए तापनि परापूर्व कालमा यिनीहरूको मूल थलो भारतमा रहेको कुरा यस जातिको नेतृत्व गर्ने वर्गबाट थाहा हुन आउँछ । राजवंशीको प्राचीन ऐतिहासिक सामग्रीहरूको अध्ययनका आधारमा भारतको बङ्गाल, आसाम, मेघालय, त्रिपुरा, नागल्याण्ड, मणिपुर राज्यहरूमा यिनीहरूको बसोवास रहेका देखिन्छ । राजवंशी कहिले कहाँबाट आए भन्ने कुरामा विभिन्न विद्वानहरूको आ-आफ्ना विचारहरू रहेका छन् । ती सबैको मतबारे विचार गर्दा विक्रम सम्वत् सुरु हुनुभन्दा एक हजार वर्ष अगाडि पूर्वतिरबाट बोडो

जातिका मानिस भारत प्रवेश गरेका थिए । तिनीहरू प्रथमतः ब्रहमपुत्र नदीका किनारमा बसोवास प्रथमतः ब्रहमपुत्र नदीका किनारामा बसोवास गर्न थाले । कालान्तरमा विस्तारै तिनीहरू उत्तर आसाम तथा पूर्व बङ्गालतिर फैलँदै गए । तिनीहरू नै विस्तारै विहार र नेपालका भू-भाग झापा, मोरङ र सुनसरीमा आई बस्न थाले । राजवंशीहरूको शारीरिक बनावट हेर्दा यिनीहरू चिम्सा आँखा, नेप्टो नाक, गालाको हड्डी चेप्टो, काला-काला, पहेँलो वर्णका मङ्गोल द्रविड मिश्रित जाति जस्तो देखिएको कुराहरू विभिन्न विद्वानहरूले उल्लेख गरेका कुराहरूको चर्चा तल गरिएको छ ।

सन्यालका विचारमा - राजवंशीको उत्पत्तिको इतिहास रहस्यपूर्ण छ । यिनीहरू महान् बोडो परिवारका थिए जो ईसापूर्व दसौं शताब्दीतिर पूर्वबाट भारत प्रवेश गरी ब्रह्मपुत्र नदीका किनारमा बसोवास गरी विस्तारै आसामभरि र उत्तरी र पूर्वी बंगालमा फैलिए । सुदूर पूर्वोतर बंगालमा बसोवास गर्ने यो जातिको आधुनिक इतिहासको पहिलो बख्त्यार खिलाजीको वर्णनमा पाइन्छ । उनी सन् १२०६ मा तिब्बत प्रवेश गरेका थिए । उक्त वर्णनमा के उल्लेख गरिएको छ भने त्यतिखेर लखनवती र तिब्बतका वीचमा पहाड र जंगल थियो जहाँ तीनथरी गैरभारतीय मंगोलियन जनजातिहरू कोच, मेच र थारु बस्दथे (सन्याल, १९६७) ।

त्यस्तै गरी सन्याल (१९६७) ले आफ्नो पुस्तकमा विभिन्न विद्वानहरूका विचारलाई पनि प्रस्तुत गरेका छन् । किराँत जनकृतिमा एस.के. चटर्जी (१९५१ : ५४) ले के लेखेका छन् भने 'तिबकत्-इ-नासिका' का लेखक मिनहाजु-एस-सिराजका अनुसार कामरूपमा कोच, मेच र थारु बसोवास गर्थे र यिनीहरूमा मंगोलियन प्रजाति र बोलीमा टर्क भाषाको छुट्टै प्रकारको प्रभाव पा-यो साथै तिनीहरूको अनुहार टर्क जातिको जस्तो थियो । जस्तै-चिम्सो आँखा, नेप्टो नाक, गालाको चेप्टो हड्डी, पहेँलो वर्ण । तिनीहरूले भारतीय भाषाभन्दा भिन्नै प्रकारको भाषा बोलदथे (सन्याल, १९६७) ।

राजवंशीहरूका बारेमा सन् १८४९ मा हड्सनले के लेखेका छन् भने हाजोले कोच राज्यको स्थापना गरे । कोचहरू तमुलियनवंशी थिए । हाजो होचा पुड्का, अंगका संयोजन नमिलेका, गालाको हड्डी चेप्टो, चिउँडो र मुख ठूलो, आँखा सानो र चिम्रो, ओठ पातलो, कान ठूलो, कालो कालो रंग भएका थिए । आर्यको आगमनपूर्व यिनै राजा थिए । हाजोका नातिले

‘कोच’ भन्ने जाति त्यागी हिन्दूधर्म ग्रहण गरी ‘राजवशी’ जाति भए । उनका विचारमा ‘कवुच’ ले कोचलाई नै बुझाउँछ । आसाममा कोच तीन थरमा विभाजति छन् - (क) कामथाली, (ख) मेदाई, र (ग) कोलिटा । त्यस्तै गरी रंगपुरमा पनि दुई थरीका छन् - (क) राजवंशी, र (२) कोच (सन्याल, १९६७) ।

डाल्टनका (१८७८) अनुसार कोचहरूको अनुहारले नै उनीहरू गैर आर्य भएको बताउँछ । उनी के ठान्दछन् भने उनीहरू द्रविडियन् हुन् र सम्भवतः महान् ‘भुइया परिवार’ का शाखा  हुन् । अथवा राजवंशीहरू बोडो, कोच, मेच यी तीनभित्र पर्दछन् (सन्याल, १९६७) ।

बेभर्ली (१८७२) का विचार के छ भने कोच राजवंशी र पलियाहरू धेरै हदसम्म एउटै जनजाति हुन् । राजवंशी एउटा अस्पष्ट एवम् विशेष अर्थ बुझाउने शब्द हो । राजवंशीका केही व्यक्तिहरू सम्भवतः अरु जातिका पनि थिए । तल्लो त्रिवेणी भूमि क्षेत्रमा राजवंशीलाई तिर्यासहरूको उपजातिका ठानिन्छ । तर दिनजपुर, रंगपुर र जलपाईगुडीका चाहिँ कोच र पलियासँग मिल्दाजुल्दा छन् । कप्तान लेबिन कुच विहारका उपकमिसनर कुचविहारका अहिलेका बासिन्दाहरू कुनै खास प्रजातिका होइनन् भन्ने ठान्छन् । भुटान-डुर्आसका वासिन्दा मेचेहरूका दक्षिणतिरबाट आएका आप्रवासीहरूसँगको अन्तर्जातीय विवाहपश्चात् उनीहरूबाट जन्मेकाहरू नै आधुनिक कुचविहारी हुन् (सन्याल, १९६७) ।

पोर्टर (१९३१) लेख्छन् - कोच, पालिया र राजवंशीहरूको उद्भव एकै किसिमले भएको हो । आसाम र उत्तरी बंगालका कौवर्तहरूको राजवंशी सँग बढी सम्बन्ध छ । उनीहरू सबैले राजवंशीको रूपमा दर्ता भएको दावी गर्छन् र सबै राजवंशीहरूले आफूहरू १९ औं शताब्दीको सुरुमा नै छेत्रीयमा दर्ता भएको समेत दावी गर्छन् । धेरै पिछडिएका र अशिक्षित राजवंशी जातिका मान्छेले अझैसम्म पनि कट्टर हिन्दूधर्मसँग सम्बन्ध नराख्ने धार्मिक कृत्यहरू गर्दछन् (सन्याल, १९६७) ।

चटर्जी (१९५१) लेख्छन् - उत्तरी बंगाल क्षेत्रका जनताहरू अत्यधिक रूपमा बोडो र अस्ट्रिक द्रविडियन् मंगोलियनमिश्रित मूलका हुन् । तिनीहरूलाई अहिले पनि कोच भन्न सकिन्छ । कोच भन्नाले हिन्दूकृत वा अर्द्ध हिन्दूकृत बोडो भन्ने बुझिन्छ, जसले आफ्नो

तिब्बत-बर्मेली भाषा त्यागेर बंगाली भाषाको उत्तरी क्षेत्रको भाषिका बोल्ने गर्छन् । उनीहरूले आफूलाई राजवंशी र छेत्रीय कहलाउनमा गौरव गर्छन् (सन्याल, १९६७) ।

माथिको विद्वानहरूको अध्ययन र अवलोकनसँग यसरी दाँजेर हेर्दा कोच, राजवंशी, पालिया, देशी र अरु जेसुकै नामले पुकारिए पनि यी सबै द्राविडियन उद्‌भवका हुन् भन्न सकिन्छ । आर्यहरूको बंगाल आगमन हुँदा सम्भवतः गंगा उपत्यकामा बसोवास गर्दथे । यिनीहरूको बसोवास भएको ठाउँमा आक्रमण भएपछि यिनीहरू उत्तरपूर्वी बंगालका विभिन्न ठाउँमा जान बाध्य भए, जहाँ यिनीहरू मंगोलियनहरूसँगको सम्पर्कमा आए । रहँदै बस्दै जाँदा यिनीहरूमा मंगोलियनहरूको पनि रक्त मिश्रण हुन पुग्यो तापनि यिनीहरूमा द्राविडियन प्रजातिको शारिरीक लक्षणको वर्चस्व छ ।

हन्टर (१८७६) का विचारमा पन्ध्रौ शताब्दीको अन्ततिर कोच राजा हाजोले कामरूप राज्यको स्थापना गरे । उनका नाति विश्वसिंहले आफ्नो अफिसर र जनता समेतलाइ हिन्दू धर्ममा समाहित गराए । उनले ब्रह्मणहरूद्वारा प्रमुख व्यक्तिहरूका लागि छुट्टै एउटा दैवी वंशको स्थापना गरिदिए । तिनै फेरिएकाहरूले कोच थर छाडेर राजवंशी ग्रहण गरे । हन्टरले के पनि उल्लेख गरेका छन् भने रङ्गपुर, जलपाइगुडी र कुचविहारमा राजवंशीको अर्थ शाही प्रजाती भन्ने हुन्छ । यहि शब्दलाई कृषक र सम्मानित व्यक्तिहरूले ग्रहण गरे तर उता कोच भन्ने थर डोल र श्रमिकरहरूमा मात्र सिमीत रहन गयो । हन्टरले राजवंशीलाई अर्ध हिन्दूकृत आदीवासीको कोटीमा राखेका छन् (सन्याल, १९६७) ।

त्यसैगरि राउनी (१८८२) को विचारमा आदीवासीको हिन्दूसंगको अन्तर्जातिय विवाहले उनिहरूका पुराना वानि व्योराहरूमा परिवर्तन भएको भनि वताउछन् । उनीहरू अरु कसैसंग भन्दा पनि वङ्गालीसंग नै मिल्दछन् । यी आदिवासीको एउटा वर्गले हिन्दूप्रथा र परम्परा ग्रहण गरेका छन् र हिन्दू देविदेउताको पूजा आराधना गर्दछन (सन्याल, १९६७) ।

एच बोइलु (१८९१) को विचारमा कोच र राजवंशीहरू हिन्दूधर्म भित्रका नभई हिन्दूकृत आदिवासी हुन जसलाई प्रिभी-काउन्सिलले फणीन्द्रदेवका उत्तराधिकारीको व्यवस्थाको सन्दर्भमा हिन्दूकृत गरिएको थियो । जल्पाईगुडी, राइकाट र कुचविहारका महाराजाहरू एउटै परिवारका थिए । दुवैले आफूलाई बिष्णुसिंह सन्तति मान्छन् । विष्णुसिंह शिव र माधवीदेवीका सन्तान थिए । माधवीदेवी योगिनी थिइन् । भगवान् शिवको वारेमा योगिनीतन्त्रमा प्रशंसा गरेका कुरा घिछचत्रण गरिएको छ । जल्पाइगुडीका राइकाट र कुचविहार परिवारहरू कुच र मेचे मिश्रित थिए । दु शाही परिवारले आफूलाई शिववंशी भन्ने हुनाले कोच जनताहरू आफूलाई राजवंशी भन्छन् । केही राजवंशीहरूले अहिले आफूलाई क्षेत्रीका सन्तान प्रमाणित गर्ने प्रयास गरिरहेका छन् उनीहरू के ठान्छन् भने राजवंशीहरूलाई पौराणिक कालमा परशुरामले लखेट्दा उनीहरू उत्तरी बङ्गालमा शरण लिन पुगेका थिए । ती मध्ये कसैले चाहि आफुलाई भङ्ग क्षेत्रीय पनि भन्छन् । तर यसका पछाडी कुनै ऐतिहासिक प्रमाण भने छैन (सन्याल, १९६७) ।

ग्रियर्सन भन्छन्- खास कोचहरू बोडोजस्तै भएकोमा कुनै शङ्का छैन । कोच, मेचे, बाडा वा बोडो एउटै जनजातिका विभिन्न उपजाति हुन् कोचे भन्ने नामले हिन्दूकृत बोडोलाई बुझाउंछ जसले आफ्ना आनुवंशिकता र धर्म हिन्दूधर्मका लागि त्यागेका थिए । राजवंशीहरू रंगपुर र गोल्पाडाका हिन्दूकृत कोच नै हुन् । ती कोचहरू जे अहिले हिन्दू छन्, सिद्धान्तत : तिनै राजवंशीका रूपमा परिचित छन् । राजवंशी भाषिकाले पूर्वी वङ्गाली भाषिकासंग निकट सम्वन्ध राख्दछ (सन्याल, १९६७) ।

### ४.५.१ भाषा

पूर्वी नेपालको झापा जिल्लामा आदिवासीको रूपमा चिनिने राजवंशी समुदायमा आफ्नै राजवंशी भाषा मातृभाषाको रूपमा बोल्दछन् । द्रविड भाषा परिवार अन्तर्गत पर्ने राजवंशी समुदायमा एक आपसमा कुराकानी गर्दा आफ्नै भाषा प्रयोग गर्दछन् । उनीहरूले कसैलाई सम्बोधन गर्दा आफ्नो भाषाको प्रयोग गर्दछन् । जस्तैः आफूभन्दा ठूलोलाई सम्मान गर्दा 'तमा' ( तपाई/हजुर) सानालाई तुही (त/तिमी), तोर (तेरी) इत्यादि । यसै गरी राजवंशी भाषाका केही शब्दहरू:-

| | |
|---|---|
| आई | - आमा |
| वा | - वुवा |
| दादा | - दाजु |
| नन्दन | - नन्द |
| भाउमी | - भाउजु |
| वनु | - भिनाजु |
| ससुर | - ससुरा |
| सप्स्री | - सासु |
| दादा | - वुवा तिरको हजुरवुवा |
| दादी | - वुवा तिरको हजुरआमा |
| नाना/नानी | - आमा तिरको हजुर वा हजुर आमा |
| मामी | - माइु आदि । |

यसरी राजवंशी समुदायको आफ्नै मातृभाषा भए तापनि समयको परिवर्तन सँगै वर्तमान समयमा नेपाली, हिन्दी वंगाली तथा अंग्रेजी भाषाको पनि प्रयोग गर्दछन् ।

### ४.५.२ धर्म

राजवंशीहरू परम्परागत रूपमा शत प्रतिशत हिन्दु धर्मावलम्बी हुन् (ताजपुरिया २०३६:२०) । यिनीहरू आफूलाई काश्यप गोत्रका क्षेत्री भएको दाबी गर्दछन् । क्षेत्री भएर पनि यिनीहरू जनै लगाउँदैनन् । जनश्रुतिअनुसार उहिले त्रेता युगमा परशुरामले थालेको क्षेत्रीय विनाश अभियानमा राजवंशीहरू आफू मारिने डरले जनै फालेर नचिने भई जङ्गलमा बस्न थाले । जङ्गलमा आफूले बनाएका टहरा अगाडि लसुन, प्याज, भुण्ठ्याएर क्षेत्रीको बसोवास होइन भन्ने भ्रम पारी यही समयबाट उनीहरूले जनै लगाउन छाडेका हुन् (उपाध्याय, २०५१:३७) ।

यसरी परम्परागत रूपमा राजवंशीहरू हिन्दु भए तापनि पछि प्रारम्भिक कोचहरूमा फुट भई जात बदल्ने सिलसिलामा कतिपय कोचहरू राजवंशी भए भने कतिपय कोच नै रहिरहे तर कतिपय कोचहरूले पुरानै अवस्थामा रहिरहन नचाहनेले इस्लाम धर्मलाई समेत ग्रहण गर्न पुगे (विष्ट २०५२:११३) ।

वर्तमान यस चारपाने गा.वि.स. वडा नं.३ मा कुल ४० घरपरिवार राजवंशीहरूको धार्मिक अवस्था निम्नअनुसार छ :

**तालिका नं. ३**

**राजवंशीहरूको धार्मिक अवस्थाको विवरण**

| धर्म | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ठाकुर | ३२ | ८०% |
| हिन्दु | ८ | २०% |
| जम्मा | ४० | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

उपरोक्त तालिकामा यहाँका कुल ४० परिवार राजवंशीहरूमध्ये ८० प्रतिशत परिवारहरू ठाकुर धर्मावलम्बीहरू छन् भने २० प्रतिशत परिवारहरू हिन्दु धर्मावलम्बी पाइयो तर बौद्ध, इश्लाम र क्रिश्चियन धर्मावलम्बीहरू शून्य छन् । राजवंशीहरू विशेष गरेर ठाकुर धर्मावलम्बी मान्ने गरेको पाइयो । ठाकुर धर्ममा भगवान कृष्णलाई इष्ट देवताको रूपमा पुजा गर्ने र गुरुलाई मान्ने चलन छ ।

### ४.५.३ देवीदेवता

सामान्यतः प्राचीन समयदेखि वर्तमान समयसम्म विभिन्न देवी देवताहरूलाई शक्तिका रूपमा पूजा गर्ने प्रचलन रहेको छ । ब्रम्हा सृष्टिकर्ता, विष्णु पालन कर्ता र शिवलाई संहार कर्ताको रूपमा चिनिन्छ । यसरी अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायमा पनि आफ्नो धर्म र संस्कृतिअनुसार विभिन्न देवी देवताहरूको पूजा गर्दछन् । राजवंशी समुदायमा प्रत्येक परिवारले थर नजिकै साना मन्दिर जस्ता घर बनाएर विभिन्न देवी देवताहरूको पूजा गर्दछन् । यस समुदायमा विशेष गरी काली, भगवती (दुर्गा) हुनमान, ग्राम/भूमि (देवता), लक्ष्मी, गणेश, शिव, ठाकुर (गुरु) को पूजा गर्दछन् ।

### ४.५.४ स्वास्थ्य सेवा

यस अध्ययन क्षेत्रमा मानिसहरूको प्राथमिक तथा सामान्य रोगको उपचारको लागि सरकारी स्वास्थ्य चौकी रहेको छ । साथै स्वास्थ्य सम्बन्धी तालिम प्राप्त दक्ष व्यक्तिहरूद्वारा खोलिएका क्लिनक पनि छन् जसबाट स्थानीयबासीले स्वास्थ्य उपचार पाउँदछन् ।

### ४.५.५ पिउने पानी

चारपाने गा.वि.स. तराईको एक भूभाग भएकोले पिउने पानीको कुनै समस्या छैन । यस क्षेत्रमा सञ्चालित सहकारी संस्था साहारा नेपालको सहयोगमा सार्वजनिक धाराको निर्माण गरिएको छ । साथै यस क्षेत्रमा स्थानीय निकाय, विदेशी सहयोग तथा निजी रूपमा निर्माण गरिएका ट्यूवेल तथा इनारबाट पानीको प्रयोाग गर्दछन् साथै अध्ययन क्षेत्र कृषिमा आधारित भएकोले सिंचाईको लागि पनि यही पानीको प्रयोग गर्दछन् ।

### ४.५.६ सञ्चार

यस गा.वि.स.मा निजी तथा सरकारी संस्थानद्वारा सञ्चालित प्रिपेड मोबाइल तथा सि.डि.एम.ए फोनका साथै इन्टरनेटको सेवाहरू सञ्चालित छन् ।

### ४.५.७ पेसा

नेपाल एक कृषि प्रधान देश हो । यहाँका ९० प्रतिशत मानिस कृषिमा आधारित  छन् । यसरी अध्ययन क्षेत्र कृषिमा आधारित छन् । यसरी अध्ययन क्षेत्र कृषिमा आधारित भएकोले यहाँका मानिसको मुख्य पेसा कृषि हो । मुख्य रूपमा धान, मकै, गहुँ, सनपाट र तरकारीहरू उत्पादन हुने यस क्षेत्रमा व्यापारिक प्रयोजनको लागि प्रतिस्पर्धात्मक रूपमा उत्पादन गर्दछन् । कृषिमा आधारित भएकाले अर्थतन्त्रको मूल स्रोत पनि कृषि नै हो ।

**तालिका नं. ४**

**छनोट गरिएका उत्तरदाताको पेसागत स्थिति**

| पेसा | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कृषि | २४ | ६०% |
| व्यापार | ८ | २०% |
| बुनाई | ४ | १०% |
| मजदुरी | ४ | १०% |
| जम्मा | ४० | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

झापा जिल्ला चारपाने गा.वि.स. वडा नं.३ का राजवंशी महिलाहरूको अवस्थाबारे गरिएको अध्ययनअनुसार सर्वेक्षण गरिएको जम्मा परिवारमध्ये ६० प्रतिशत उत्तरदाता कृषि पेसामा आबद्ध छन् । यसैगरी २० प्रतिशत व्यापारमा १० प्रतिशतलाई बुनाईमा र १० प्रतिशत मजदुरी पेसा गर्दछन् ।

### ४.५.८ माटो

चारपाने एक तराई समथल भू-भाग भएकोले यहाँको माटो उर्वरा प्रकृतिको छ । सामान्य रूपमा माटोलाई विगाहा, बारी, खेती र चरण भूमिमा वर्गीकरण गरिएको छ ।

# अध्याय : पाँच

## सामाजिक अवस्था

### ५.१ समुदायको संरचना

विभिन्न जातजातिको साझा बसोवास स्थल रहेको यस अध्ययन क्षेत्रमा राजवंशी यहाँका आदिबासी हुन् । भए तापनि यस क्षेत्रमा अन्य विभिन्न जातजातिहरू पनि बसोवास गर्दछन् । ७६० घरधुरी रहेको यस अध्ययन क्षेत्रमा ब्राहमण १८०, क्षेत्री २१०, सतार २०, मुसलमान ५, शाह २६, राजवंशी ६० घरपरिवार रहेका छन् ।

### ५.२ घरको संरचना

राजवंशी समुदायमा घरको निर्माण गर्दा परम्परागत नियम अनुरूप बनाउँदछन् । यस समुदायका साझा बसोवास रहेको हुन्छ जहाँ कुनै एउटा धनी व्यक्तिको जमिनमा ३०/४० वटा परिवार एकै ठाउँमा घर बनाएर बस्दछन् । यस समुदायमा घरको संरचना अन्य जातजातिको भन्दा फरक हुन्छ । राजवंशी समुदायमा चारै दिशामा घर बनाउँदछन् जहाँ समुदायमा चारै दिशामा घर बनाउँदछन् जहाँ एक परिवारको कम्तीमा चारवटा घर रहेको पाइन्छ । उनीहरूको खाना बनाउने, सुत्ने, गाईवस्तु पाल्ने, उनीहरूको खाना बनाउन, सुत्ने, गाईवस्तु पाइने र पाहुनाका लागि दुई घर हुन्छ । मुख्य घरमा एउटा बैठक कोठा र बाँकी सुत्नको लागि प्रयोग गर्दछन् । यसैगरी पाहुना तथा नयाँ व्यक्तिको लागि अलग घरको व्यवस्था हुन्छ । घरमा आएको पाहुना कस्तो नाता पर्ने र बिहारबाट आएको व्यक्ति  एकैपटक घरभित्र नजाओस् भनेर मूल घरको बाहिरपट्टि छुट्टै पाहुना घरको व्यवस्था हुन्छ । यसैगरी राजवंशीहरू कृषिमा आधारित भएकाले धान राख्नको लागि धनी व्यक्तिहरूले छुट्टै घर बनाउँदछन् भने गरिबले माटोले बनाएको कठी (भकारी) को प्रयोग गर्दछन् । यसैगरी खाना बनाउनको लागि आफैँले बनाएको माटोको चुलो प्रयोग गर्दछन् । जसमा दाउरा तथा भुस बालेर खाना बनाउँदछन् ।

राजवंशी समुदायमा घरको प्रकृतिहरू परमपरातग शैलीका पाइन्छन् । घरको निर्माण एक तल्ला दुई तल्ला दुवै किसिमको गर्दछन् । यस समुदायमा पहिलो तल्ला माटोले पुरी अल्गो

बनाएको हुन्छ र दोस्रो तल्लामा काठको प्रयोग र छाना टिनको हुन्छ । मुख्य घर बाहेक अन्य घरहरू एक तल्ला हुन्छन् जसमा माटो भरेर अल्गो पारी वरिपरि खर, सुन्ती, बामको भाटाले बुनेको टाटीमा सेतो माटोको लेपन लगाउँदछन् । राजवंशी सुमदायमा घरको सजाव विभिन्न माटोले कुदेको चित्र, हातले बनाएका सामग्री तथा विभिन्न रङ्गको प्रयोग गरी गर्दछन् ।

## ५.३ जनसाङ्ख्यीय विशेषता

### ५.३.१ जातीय संरचना

विभिन्न जातीय समुदायको साझा बसोवास स्थल रहेको यस अध्ययन क्षेत्रको जातीय संरचना निम्न रहेका छ ।

**तालिका नं. ५**

**अध्ययन क्षेत्रको जातीय संरचना अध्ययन**

| जातीय समूह | जम्मा घरधुरी |
|---|---|
| क्षेत्री | २३० |
| बाहुन | १८० |
| सतार | ३० |
| मुसलमान | ५ |
| शाह | २६ |
| राजवंशी | ६० |
| थारू | ३९ |
| गिरी | ११० |
| यादव | ३८ |
| माझी | ९ |
| लिम्बू | ५३ |
| जम्मा | ७८० |

स्रोत : स्थलगत अध्ययन, २०७२

माथिका तालिकामा उल्लेख भए अनुसार सबै समुदायको साझा बसोबास स्थल रहेको यस क्षेत्रमा राजवंशी जातीको भन्दा क्षेत्री, ब्राह्मण र गिरी जातको बाहुल्यता पाइएता पनि आफ्नो सांस्कृतिक मुल्य र मान्यताको लागि आफ्नै मौलिक पहिचानको लागि यो समुदाय अग्र स्थानमा रहेको छ ।

**जनसङ्ख्या**

झापा जिल्ला विकास समितिबाट गरिएको वर्गीकरणअनुसार चारपाने गा.वि.स.लाई ९ वटा वडामा विभाजन गरिएको छ । विभिन्न जातजाति समुदाय तथा वर्गको साझा बसोवास रहेको यस गा.वि.स.को कुल जनसङ्ख्या १७,४६२ रहेको छ भने यस ४,१५८ घरधुरी रहेका छन् ।

**तालिका नं. ६**

**चारपाने गा.वि.स.को वडागत जनसङ्ख्याको स्थिति**

| वडा | घरधुरी | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १. | २,०४६ | ४०५० | ४,०२३ | ८,०७३ |
| २. | २३८ | ५१७ | ४८९ | १,००६ |
| ३. | ७६० | १,७३० | १,६३२ | ३,३६२ |
| ४. | २२२ | ५१९ | ४४८ | ९६७ |
| ५. | १६७ | ३८८ | ३४८ | ४३६ |
| ६. | १७५ | ४४८ | ३७८ | ८२६ |
| ७. | २४८ | ५७४ | ५२० | १,०९४ |
| ८. | २०५ | ४८४ | ४२० | ९०४ |
| ९. | ९७ | २५४ | २४० | ४९४ |
| जम्मा | ४,१५८ | ८,९६४ | ८,४९८ | १७,४६२ |

स्रोत : विराटनगर तथ्याङ्क विभाग, २०७१

प्रस्तुत तालिकाअनुसार चारपाने गा.वि.स.मा ९ वटा वडाहरू रहेका छन् । जसको कुल जनसङ्ख्या १७,४६२ रहेको छ । यस गा.वि.स.मा रहेका ९ वटा वडाहरूमध्येबाट वडा नं.३ यस अध्ययनको अध्ययन क्षेत्र रहेको छ ।

### ५.३.२ पारिवारिक संरचना

राजवंशी समुदायमा एकात्मक तथा संयुक्त दुवै प्रकारको परिवार पाइन्छ । सामान्यतयाः घरको मुख्य मान्छेको मृत्यु पश्चात एकात्मक परिवारको निर्माण हुन्छ । राजवंशी समुदायमा छोरा छोरीको विवाह नभएसम्म सम्पूर्ण परिवार एकै ठाउँमा संयुक्र रूपमा बसोवास गर्दछन् । कृषिमा आधारित भएकाले यस समुदायमा आर्थिक सहयोगको लागि एकै ठाउँमा बस्दछन् । तर वर्तमान समयमा एकात्मक परिवारको वृद्धि भएको  पाइन्छ । परिवारमा जेठो छोराको विवाह पश्चात छुट्टै प्रक्रिया रहेको पाइन्छ । राजवंशी समुदायमा एकात्मक र संयुक्त परिवारको तुलनात्मक अध्ययनको आधारमा संयुक्त परिवारको आर्थिक, सामाजिक र अन्य कारणले बढी मह□व पाइन्छ ।

राजवंशी समुदाय पुरुष प्रधान समाज हो । समाजमा सम्पूर्ण अधिकारमाथि पुरुषको स्वामित्व हुन्छ । साथै परिवारमा बुबाको मृत्युपछि अधिकार छोरामा रूपान्तरण हुन्छ । परिवारको सम्पूर्ण पैतृक सम्पत्तिमाथि छोराको अधिकार हुन्छ । राजवंशी समुदायमा महिलाको मह□वपूर्ण भूमिका भए तापनि समाजमा उनीहरूको दोस्रो स्थान हुन्छ । महिलाहरू बढी समय घरायसी काममा बिताउँछन् । यस समुदायमा पुरुष प्रधान समाज भए तापनि छोरा र छोरीको सामाजिकीकरण समान रूपमा गर्दछन् ।

### तालिका नं.७

### परिवारको संरचना

| क्र.सं. | पारिवारिक संरचना | जम्मा घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १. | एकात्मक परिवार | २४ | ६० |
| २. | संयुक्त परिवार | १६ | ४० |
| | जम्मा | ४० | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिका अनुसार राजवंशी समुदाय सामुदायिक रूपमा बसोबास गर्ने जातिको रूपमा परिचित भए तापनि हाल आएर यस समुदायमा एकात्मक परिवारमा बसोबास गर्नेहरूको संख्या बढी मात्रामा रहेको प्रस्तुत तालिका अनुसार जानकारी पाउन सकिन्छ ।

### तालिका नं.८

### छनोट गरिएका उत्तरदाताको परिवारको आकार

| परिवार सदस्य | परिवारको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १–५ | २० | ५० |
| ६–१० | १४ | ३५ |
| ११–१५ | ६ | १५ |
| जम्मा | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालिकाको आधारमा राजवंशी समुदायमा १-५ जना सदस्य भएको परिवार बढी पाइन्छ भने ११-१५ जना सदस्य भएको परिवार कमै हुन्छन् ।

### ५.३.३ शैक्षिक स्थिति

चारपाने गा.वि.स. अन्तर्गत वडा नं. ३ मा रहेका राजवंशी समुदायको शैक्षिक स्थिति निम्न छ ।

**तालिका नं.९**

**राजवंशी समुदायको शैक्षिक स्थिति**

| शिक्षा | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| पढ्न लेख्न नजान्ने | १७ | ४२.५ | १२ | २० | २९ | २३ |
| सामान्य लेखपढ गर्न जान्ने | ८ | २० | १५ | २५ | २३ | २३ |
| प्राथमिक तह | ६ | १५ | १४ | २३.३४ | २० | २० |
| नि.मा.वि.तह | ४ | १० | ९ | १५ | १३ | १३ |
| मा.वि.तह | ३ | ७.५ | ६ | १० | ९ | ९ |
| बी. वा सोभन्दामाथि | २ | ५ | ४ | ६.६६ | ६ | ६ |
| जम्मा | ४० | १०० | ६० | १०० | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

यस तालिकाअनुसार राजवंशी पुरुषको तुलनामा महिला कम शिक्षित छन् साथै प्रत्येक शैक्षिक स्तरमा महिला कम शिक्षित छन् ।

### ५.४ आर्थिक स्थिति

अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदाय कृषिमा आधारित भएकाले यहाँको अर्थतन्त्रको मुख्य स्रोत कृषि नै हो । र कृषिबाट उत्पादित वस्तुहरूको आधारमा नै यहाँको समाज सञ्चालन भएको पाइन्छ । यस अध्ययन क्षेत्रमा रहेका मानिसहरूको आर्थिक स्थिति निम्न रहेको छ ।

**तालिका नं.१०**

**उत्तरदाताको आर्थिक स्थिति**

| क.सं. | आम्दानी | परिवार | |
|---|---|---|---|
| | | **सङ्ख्या** | **प्रतिशत** |
| १. | २० हजार भन्दा माथि | १० | २५% |
| २. | १० हजार देखि २० हजार सम्म | १९ | ४७.५% |
| ३. | ५ हजार देखि १० हजार सम्म | ११ | २७.५ |
| | जम्मा | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालिकाको आधारमा यस राजवंशी समुदायमा रहेका जम्मा परिवारमध्ये अध्ययनको लागि छनोट गरिएका ४० परिवारमा २५ प्रतिशत २० हजार भन्दा माथि, ४७.५ प्रतिशत १० हजादर देखि २० हजार सम्म आम्दानी गर्ने गरेको र २७.५ प्रतिशत ५ हजार देखि १० हजार सम्म आम्दानी गर्ने गरेको पाइयो ।

### ५.४.१ राजवंशीहरूको मुख्य पेसा

यस चारपाने गाउँ विकास समितिअन्तर्गत अध्ययन क्षेत्रमा कुल ४० घर परिवारमा रहेका सबै महिला र पुरुष गरी २८७ जना राजवंशीको वर्तमान पेसा सम्बन्धी तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ११

## राजवंशीहरूको पेसाको वर्गीकरण

| पेसा | महिला | प्रतिशत | पुरुष | प्रतिशत | कुल महिला तथा पुरुष | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कृषि | १२ | ३० | १६ | ४० | २८ | ३५ |
| व्यापार | – | – | ४ | १० | ४ | ५ |
| मजदुरी | ९ | २२.५ | ११ | २७.५ | २० | २५ |
| नोकरी | – | – | ४ | १० | ४ | ५ |
| वेरोजगारी | १९ | ४७.५ | ५ | १२.५ | २४ | ३० |
| जम्मा | ४० | १०० | ४० | १०० | ८० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

हुन त यहाँका रहेका राजवंशीहरू मुख्यतः कृषिमा नै संलग्न वा आश्रित रहे तापनि परिवारका सबै सदस्यहरू कृषि कार्य मात्र नगरी छुट्टाछुट्टै पेसामा संलग्न रहेका  छन् । प्रस्तुत तालिकामा यहाँका कुल ८० जना जनसङ्ख्या १५-५९ वर्षसम्मका आर्थिक रूपले सक्रिय महिला तथा पुरुष राजवंशीहरूको विस्तृत पेसागत विवरण अलग-अलग रूपमा प्रस्तुत गरिएको छ ।

तालिकामा कृषि पेसामा संलग्न ३५ प्रतिशत व्यक्तिहरू देखाईएको छ । जसमा १२ जना महिला तथा १६ जना पुरषहरू पर्दछन् । यी व्यक्तिहरूको कृषि बाहेक अर्को कुनै वैकल्पिक पेसा नै छैन ।

व्यापार पेसामा संलग्न ५ प्रतशित व्यक्तिहरू छन् । यिनीहरू सबै पुरुषहरू पर्दछन् । यो समूह शुद्ध व्यापार गर्दछन् । व्यापारअन्तर्गत साधारण किराना पसल तथा होटल व्यवसाय गर्दछन् ।

त्यस्तै मजदुरीअन्तर्गत ती मजदुरहरूलाई समेटिएको छ जसमा कृषि, मजदुर, अद्योग धन्दाहरूमा ज्यालादारी तथा स्थायी मजदुरहरू, मिस्त्री, गाडी तथा रिक्सा चालकहरू पर्दछन् । मजदुरी पेसामा ९ जना महिला तथा ११ जना पुरुषहरू गरी २५ प्रतिशत पर्दछन् ।

तालिकामा उल्लिखित नोकरी पेसाअन्तर्गतका व्यक्तिहरूमा नेपाल सरकारका कर्मचारी तथा शिक्षकहरूलाई समेटिएको छ । यस्तो व्यक्तिहरू ५ प्रतिशत छन् जसमा सम्पूर्ण पुरुषहरू पर्दछन् ।

यहाँका राजवंशीहरूमा बढी वेरोजगार महिलाहरू रहेको पाइयो । वेरोजगारमध्ये १९ जना महिला तथा ५ जना पुरुषहरू रहेका छन् । यस समूहमा अर्ध वेरोजगार तथा वेरोजगारहरू पर्दछन् जसको कुनै निश्चित पेसा छैन । उनीहरू घरायसी काम गर्ने खेतीको समयमा धान काट्ने रोप्ने, पाएको बेलामा कुल्ली काम गर्ने तथा काम नपाए त्यसै बसी रहने वर्गलाई लिइएको छ ।

### ५.४.२ भू-स्वामित्वको स्थिति

कृषि कार्यको लागि होस् वा बसोवास तथा अन्य व्यवसायिक क्रियाकलापको लागि होस् भूमि प्रारम्भिक आधार हो । नेपालको कुल २९२७१९३३ जनसङ्ख्यालाई आधार मान्दा नेपालीहरूले ०.००७९ वर्ग कि.मि. भूमि ओगटेको देखिन्छ । चारपाने गा.वि.स.३ का राजवंशी परिवारहरू बढी कृषि पेसामै आश्रित रहेका देखिन्छन् । यहाँका कुल ४० घरपरिवारका राजवंशीहरूको कृषि भूमि तथा घरबारीलाई समाविष्ट गरी कूल २८७ जना व्यक्तिहरूले ओगटेको ८० बिघा ५ कठ्ठा र १७ धुर जमिनको स्वामित्वलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. १२**

**उत्तरदाता परिवारहरूको भूमिको वर्गीकरण**

| भूमि विघामा | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ०-१ विघासम्म | १५ | ३७.५ |
| १-२ विघासम्म | ७ | १७.५ |
| २-३ विघासम्म | ६ | १५ |
| ३-४ विगाहासम्म | ३ | ७.५ |
| ४-५ विघासम्म | ३ | ७.५ |
| ५-२० विघासम्म | ६ | १५ |
| जम्मा | ४० | १०० |

स्रोत : स्थगलत सर्वेक्षण, २०७२

प्रस्तुत तालिकामा भूमिको क्षेत्रफल तथा परिवार सङ्ख्या र प्रतिशतलाई ६ वटा समूहमा देखाइएको छ । जसमा पहिलो समूहमा ० देखि १ विघासम्म जमिन हुने ३७.५ प्रतिशत परिवारहरू छन् । दोस्रो समूहमा एक विघाभन्दा बढी दुई विघासम्म जमिन हुने १७.५, तेस्रो समूहमा दुई विघाभन्दा बढी तिन बिघासम्म जमिन हुने १५ प्रतिशत चौंथो समूहमा तिन बिघाभन्दा बढी चार विघासम्म जमिन हुने ७.५ प्रतिशत पाँचौ समूहमा भचार विघाभन्दा बढी पाँच विघासम्म जमिन हुने ७.५ प्रतिशत र छैटौं समूहमा ५ विघादेखि २० विघासम्म जमिन हुने १५ प्रतिशत परिवारहरूलाई देखाइएको छ ।

### ५.४.३ वार्षिक कूल कृषि उत्पादन

झापा जिल्लाको प्रमुख बालीमा अग्रणी स्थान धान, गहुँ, तोरी आदिलाई लिइन्छ । कुल ४० परिवार राजवंशीहरूले ओगटेको यहाँको कृषि भूमिमा पनि प्रमुख बालीहरू धान, गहुँ नै

रहेको देखिन्छ । यहाँका राजवंशीहरूको वार्षिक कृषि उत्पादनलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. १३**

**राजवंशीहरूको वार्षिक कृषि उत्पादन विवरण**

| जम्मा परिवार | कृषि उत्पादन | उत्पादन (मनमा) | कूल उत्पादन (प्रशितमा) |
|---|---|---|---|
| ४० | धान | ३११४ | ७८.०४ |
| | गहुँ | ६२५ | १५.५१ |
| | दालहन | ११ | ०.२७ |
| | तेलहन | ९७ | २.४१ |
| | जुट | १५२ | ३.७७ |
| | जम्मा | ४०२९ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

प्रस्तुत तालिकामा मुख्य उत्पादन तथा उत्पादित वस्तुलाई मनमा तथा प्रतिशतमा देखाइएको छ । यहाँ कुल ४० परिवार राजवंशीहरूले धान ३,१४४ मन कुल उत्पादनको ७८.०४ प्रतिशत, गहुँ १५.५१ प्रतिशत दालहन ०.२७ प्रतिशत, तेलहन २.४१% र जुट ३.७७% रहेको देखिन्छ ।

### ५.४.४ पशुपालनको स्थिति

अन्य ग्रामीण कृषि क्षेत्रका मानिसहरू सरह चारपाने गाउँ विकास समितिका राजवंशीहरूले पनि पशुपालन गरेको पाइयो । व्यवसायिक तवरबाट पशुपालन गर्ने सङ्ख्या सून्य भए तापनि प्रत्येक घरपरवारले कृषि प्रयोजन तथा आफ्नै उपयोगको लागि गाई, भैंसी, गोरू, राँगा, खसी, बाखा, हाँस, परेवाहरू पाल्ने गरेको देखिन्छ । यहाँका ४० घर परिवार गरेको

देखिन्छ । यहाँका ४० घर परिवार राजवंशीहरूमा पशुपालनको तथ्याङ्कलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. १४**

**पशुपालनको विवरण**

| पशु/पन्छी | सङ्ख्या | प्रतिशत | प्रति परिवार पशुपन्छी |
|---|---|---|---|
| गाई/भैंसी | ४८ | १९.५९ | १.०९ |
| गोरू/राँगा | ५० | २०.४० | १.१३ |
| खसी/बाखा | ५७ | २३.२७ | १.२९ |
| हाँस/परेवा | ९० | ३६.७४ | २.०४ |
| जम्मा | २४५ | १००% | ५.५५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

प्रस्तुत तालिकामा पशुपन्छी, तिनको सङ्ख्या, प्रतिशत तथा प्रति परिवार पशुपन्छीको विवरणलाई देखाइएको छ । यहाँ कुल ४० वटा राजवंशी परिवारहरूमा गाई भैंसी ४८ वटा कुल पशुपन्छीको १९.५९ प्रतिशत, गोरू राँगा ५० वटा कूल पशुपन्छीको २०.४० प्रतिशत, खसी बाखा ५७ वटा २३.२७ प्रतिशत, हाँस परेवा ९० वटा कुलमा ३६.७५ प्रतिशत, पशुपालन रहेको पाइन्छ । यी पालिएका पशुपन्छी प्रतिपरिवार गाई भैंसी १.०९ गोरू राँगा १.१२ प्रतिशत, खसी बाखा १.२९% र हाँस परेवा २.०४ प्रतिशत देखिन्छन् ।

### ५.४.५ परिवारको प्रकृति

यस अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायमा परिवारको प्रकृति मातृसत्तात्मक तथा पितृसत्तात्मक दुवै भए तापनि समग्र रूपमा पितृसत्तात्मक परिवारको प्रकृति नै बढी रहेको छ । परिवारमा सम्पूर्ण कुराको सञ्चालन पुरुषको हातमा नै रहेको पाइन्छ ।

**तालिका नं. १५**

**उत्तरदाताको परिवारको प्रवृत्ति**

| क.सं. | मातृसत्तात्मक | | पितृसत्तात्मक | | दुवै | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | ५ | १२.५ | – | – | – | – | ५ | १६.५ |
| २. | – | – | २८ | ७० | – | – | २८ | ७० |
| ३. | – | – | – | – | ७ | १७.५ | ७ | १४.५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालिकाको विश्लेषणको आधारमा मातृसत्तात्मक परिवार १२.५ प्रतिशत, ७० प्रतिशत पितृसत्तात्मक र १७.५ प्रतिशत दुवै मातृसत्तात्मक तथा पितृसत्तात्मक दुवै छन् । यसरी राजवंशी समुदायमा पुरुषकै प्रभुत्व रहेको छ जहाँ महिला पुरुषको सहयात्रीको रूपमा मात्र सीमित छन् ।

### ५.४.६ बाली उत्पादनमा महिलाको भूमिका

नेपाल एक कृषि प्रधान देश हो । यहाँका ९० प्रतिशत मानिसहरू कृषिमा आधारित भएर जीवन गुजारा गर्दछन् । यस राजवंशी समुदायमा बाली उत्पादनमा महिला पुरुष दुवैको सहभागिता रहेको छ । अध्ययन क्षेत्रमा गरिएको अध्ययनको आधारमा यस समुदायमा महिलाहरू रोपाइँ गर्ने, गोडमेल गर्ने जस्ता क्रियाकलापमा संलगन रहेका छन् भने पुरुषहरू हलो जोत्ने, खन्ने, बीउ छर्ने, बाली झार्ने जस्ता काममा सहभागी हुन्छन् । यस राजवंशी समुदाय कृषिमा आधारित भएकाले बाली उत्पादनमा महिला पुरुष दुवैको भूमिका रहेको पाइन्छ ।

## तालिका नं.१६

## छनोट गरिएका परिवारमा बाली उत्पादनमा लैङ्गिक सहभागिता उत्तरदाताको परिवारको प्रवृत्ति

| क्रियाकलाप | महिला | | पुरुष | | दुवै | | जम्मा परिवार |
|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| बीउ छनोट | ५ | १२.५ | ११ | २७.५ | २४ | ७० | ४० |
| काट्ने | ११ | २७.५ | ८ | २० | २१ | ५२.५ | ४० |
| रोपाइँ | ३० | ७५ | – | – | १० | २५ | ४० |
| गोडमेल | ६ | १५ | ६ | १५ | २८ | ७० | ४० |
| झार्ने | २ | ५ | ३० | ७५ | ८ | ३० | ४० |
| खनजोत नर्गे | – | – | ४० | १०० | – | – | ४० |
| सुकाउने | ३३ | ८२.५ | – | – | ७ | १७.५ | ४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथि तालिकाले देखाएअनुसार ७० प्रतशित नमुना परिवारमा बीउ छनोट महिला पुरुषले गर्दछन् । पुरुषले २७.५ प्रतिशत परिवामार बीउ छनोट गर्दछन् भने १२.५ प्रतिशत परिवारमा महिलाले छनोट गर्दछन् । यसैगरी २७.५ प्रतिशत परिवारमा काट्ने काम महिलाले गर्दछन् भने पुरुष १० प्रतिशत र ५२.५ प्रतशित महिला पुरुष दुवैले गर्दछन् । नमुना छनोट गरिएका १५ प्रतशित परिवारमा गोडमेलमा महिला सहभागी हुन्छन् भने १५ प्रतिशत पुरुष पनि यस कार्यमा सहभागी हुन्छन् र ७० प्रतिशत परिवारमा महिला पुरुष दुवै मिली गर्दछन् ।

तालिकाअनुसार ५ प्रतिशत परिवारमा झार्ने काममा महिला सहभागी छन् । यसैगरी ७५ प्रतिशत परिवारमा पुरुष र २० प्रतिशत परिवारमा महिला पुरुष दुवैले गर्दछन् । छनोट परिवारमध्ये ७५ प्रतिशत परिवारमा रोपाइँ महिलाले गर्दछन् भने २५ प्रतिशत परिवारमा महिला

पुरुष दुवैले गर्दछन् । परिवारमा खनजोत गर्ने कार्यमा १०० प्रतिशत नै पुरुषले गर्दछन् र सुकाउने काम ८२.५ प्रतिशत महिलाले गर्दछन् भने ७ प्रतिशत महिला पुरुष दुवै मिली गर्दछन् ।

### ५.४.७ सरसफाई र घरको व्यवस्थापनमा महिला

पुरुष सहभागिता समाजमा महिला तथा पुरुषका भूमिकाहरू सामाजिक तथा सांस्कृतिक रूपमा नै परिवारमा निर्धारित भएका हुन्छन् । जहाँ महिलाहरू घरायसी कामहरू खाना बनाउने, लिपपोत गर्ने तथा परिवारको हेरचाह जस्ता अनुत्पादन क्रियाकलाप गर्दछन् भने समाजमा पुरुष सार्वजनिक क्षेत्रमा सहभागी भएको हुन्छ । यसैगरी यस अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायमा पनि महिलाहरू घरायसी क्रियाकलापमा नै आफ्नो ९० प्रतिशत समय खर्च गर्दछन् भने पुरुषहरू घर बाहिरका क्रियाकलापमा संलग्न रहेका छन् । अध्ययन क्षेत्रमा अनुसन्धानका लागि छनोट गरिएका परिवारमा सरसफाई र घरको व्यवस्थापन लैङ्गिक सहभागिता तल देखाइएको छ ।

**तालिका नं. १७**

**उत्तरदाताको सरसफाई र घरको व्यवस्थापनमा लैङ्गिक सहभागिता**

| क्रियाकलाप | महिला | | पुरुष | | दुवै | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| लिपपोत तथा सरसफाई | ४० | १०० | – | – | – | – | ४० | १०० |
| खाना बनाउने | ३० | ७५ | – | – | १० | २५ | ४० | १०० |
| घरायसी सामग्रीको व्यवस्थापन | २० | ५० | ५ | १२.५ | १५ | ३७.५ | ४० | १०० |
| परिवारको सञ्चालन | १० | २५ | १४ | ३५ | १६ | ४० | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालिकामा विश्लेषण भएअनुसार छनोट गरिएका उत्तरदातामा सम्पूर्ण उत्तरदाताहरू परिवारमा लिपपोत तथा सरसफाई सबै आफैँ गर्दछन् । जहाँ पुरुषको कुनै भूमिका रहेको छैन । यसैगरी छनोट गरिएका उत्तरदातामध्ये ७५ प्रतिशत महिलाहरू परिवारमा खाना बनाउने गर्दछन् भने महिला पुरुष दुवै मिली २५ प्रतिशत परिवारमा खाना बनाउने गर्दछन् । यसैगरी दिइएको तालिकाको आधारमा घरायसी सामानको व्यवस्थापनमा ५० प्रतिशत महिला संलग्न रहेका छन् भने १२.५ प्रतशित पुरुष र ३७.५ प्रतिशत महिला पुरुष दुवै मिली गर्दछन् । यसरी घरको व्यवस्थापनमा पनि महिला सहभागिता नै बढी रहेको पाइन्छ ।

यसरी प्रस्तुत तालिकाको विश्लेषणका आधारमा राजवंशी समुदायमा सामाजिक रूपमा नै महिलाहरू घरायसी क्षेत्रमा सीमित भएकाले पारिवारिक क्रियाकलापहरू बच्चाको हेरचाह, सरसफाई जस्ता कामहरू महिलाले गर्दछन् तर यी कार्यहरूमा पुरुषको कुनै भूमिका रहँदैन ।

### ५.४.८ आर्थिक क्षेत्रमा महिला सहभागिता

यस अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायको अर्थतन्त्रको प्रमुख स्रोत कृषि हो र कृषिमा आधारित उत्पादनद्वारा नै समाजको सञ्चालन भएको छ । समाजमा लैङ्गिक आधारमा निर्धारित भूमिकाको आधारमा महिलाहरू घरायसी क्षेत्रमा र पुरुषहरू सार्वजनिक क्षेत्रमा संलग्न रहेका छन् । महिलाहरू परिवारमा चामल बनाउने, चिउरा बनाउने, भुरई भुने तथा स्थानीय बजारमा सागसब्जीको व्यापार गर्ने गर्दछन् भने पुरुषहरू व्यापार व्यवसाय गर्ने, शैक्षिक संस्थामा पठनपाठन गराउने तथा वैदेशिक रोजगारमा जाने जस्ता काममा संलग्न हुन्छन् । यसरी यस समुदायमा आर्थिक पक्षमा पनि महिलाहरू घरायसी क्रियाकलापमा नै संलग्न रहेका छन् भने पुरुष घर बाहिरका काममा संलग्न छन् ।

## ५.५ शैक्षिक स्थिति

शिक्षा जीवनको ज्योति हो जसले मानिसलाई अँध्यारोबाट उज्यालोतिर डोऱ्याउँदछ । शिक्षा व्यक्ति, परिवार, समाज तथा राष्ट्रलाई विकासको मार्गमा अगाडि बढाएर भविष्यको सुनिश्चित गराउने एउटा आधारभूत त□व हो । यसै सन्दर्भमा समूह केन्द्रित छलफलबाट प्राप्त जानकारीअनुसार यस अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायको पनि शिक्षाको प्रभाव

समाजमा परेको देखिन्छ । आदिबासीको रूपमा यस अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायमा शिक्षाको स्तर निम्न रहेको छ । यस राजवंशी समुदायमा महिलापछि पर्नुको कारण र घरायसी क्षेत्रमा सीमित रहनुको प्रमुख कारण शिक्षा नै हो । समाजमा महिलाहरू सामाजिक तथा सांस्कृतिक मूल्यमान्यता, संस्कारहरू तथा परिवारको हेरचाह गर्नु नै महिलाको काम हो भनी भन्दछन् । समाजमा पढाईमा भन्दा बाबु बाजेले गरिआएको काम गर्नुपर्छ भन्ने मान्यता पाइन्छ । विगत केही वर्ष अगाडि राजवंशी समुदायमा धनी वर्गका सीमित छोराछोरी मात्र चढ्दथे जसमा पनि छोरालाई मात्र पढाईन्थ्यो र छोरीलाई घर व्यवहारहरू सिकाइन्थ्यो तर विगत केही वर्ष यता यस समुदायमा शिक्षाको मह□व बढ्दै गएको छ । समाजमा छोराछोरी दुवैलाई समन रूपमा स्कुल पठाउँछन् । तर परिवारमा छोरीलाई स्कुलसम्म मात्र पढाएर घरायसी काममा नै लगाएको अध्ययन क्षेत्रमा अनुसन्धानको समयमा पाइयो । यहाँ धेरै जसो महिलाहरू केही समय पढी बढी जसो घरायसी काममा नै सहभागी हुन्छन् । समाजमा शिक्षाको कमीले गर्दा नै महिलाहरू दैनिक जीवनका क्रियाकलापमा पुरुषको सहायताविना गर्न सक्दैनन् । जसले गर्दा महिलाहरू घरायसी क्षेत्रमा नै सीमित रहेका छन् ।

## ५.६ पारिवारिक सम्पत्तिमाथिको नियन्त्रण

प्रत्यके समाजअनुसार फरक-फरक रूपमा रहेका सांस्कृतिक मूल्य मान्यता, रीतिरिवाज तथा परम्पराका आधारमा महिला र पुरुषका भूमिकाहरू निर्धारण भएका हुन्छन् र यसैका आधारमा पारिवारिक उत्तरदायित्व वहन गरिन्छ ।

यसैगरी यस अध्ययन क्षेत्रमा रहेको राजवंशी समुदायमा गरिएको अध्ययनका आधारमा पारिवारिक सम्पत्तिमाथिको नियन्त्रणमा महिला र पुरुषको पहुँच निम्नानुसार छ :

### तालिका नं. १८

### उत्तरदाताको परिवारमा पारिवारिक सम्पात्तिमाथिको नियन्त्रण

| क्षेत्र/स्रोत | महिला | | पुरुष | | दुवै | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| जग्गा जमिन | ४ | १० | १४ | ३५ | २२ | ५५ | ४० | १०० |
| नगद पुँजी | ५ | १२.५ | ३१ | ७७.५ | ४ | १० | ४० | १०० |
| गरगहना | २५ | ८७.५ | – | – | ५ | १२.५ | ४० | १०० |
| पेवा सम्पत्ति | २८ | ७० | – | – | १२ | ३० | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

प्रस्तुत तालिकाको आधारमा यस अध्ययन क्षेत्रमा अनुसनधानको लागि छनोट गरिएका ४० परिवारमध्ये १० प्रतिशत परिवारमा जग्गा जमिनमा महिलाको नियन्त्रण रहेको छ भने ३५ प्रतिशत परिवार पुरुषको नियन्त्रणमा छ र ५५ प्रतिशत परिवारमा महिला पुरुष दुवैको नियन्त्रण छ । यसैगरी नगद पुँजीमाथिको नियन्त्रण १२.५ प्रतिशत परिवारमा महिला ७७.५ प्रतिशत परिवारमा पुरुष र १० प्रतिशत परिवारमा महिला पुरुष दुवैको नियन्त्रण रहेको छ । सर्वोक्षण गरिएका परिवारमध्ये ८७.५% परिवारमा गरगहनाको नियन्त्रण महिलाको नै हुन्छ र १२.५ प्रतिशत परिवारमा भने महिला पुरुष दुवैले गर्दछन् र छनोट गरिएका परिवारमध्ये ७० प्रतिशत परिवारमा पेवा सम्पत्ति माथिको नियन्त्रण महिलाले नै गर्दछन् भने ३० प्रतिशत परिवारमा महिला पुरुष दुवै मिली गर्दछन् ।

### ५.७ पारिवारिक निर्णय

यस अध्ययन क्षेत्रमा रहेका राजवंशी समुदायको पारिवारिक निर्णय प्रक्रियामा भूमिका निम्नानुसार छ ।

### तालिका नं. १९

### उत्तरदाताको पारिवारिक निर्णयमा भूमिका

| निर्णय गर्ने | पहिलो निर्णय | | अन्तिम निर्णय | |
|---|---|---|---|---|
| पति | २३ | ५७.५% | २६ | ६५% |
| पत्नी | ५ | १२.५% | ४ | १०% |
| दुवैको निर्णय | १२ | ३० | १० | २५ |
| जम्मा | ४० | १०० | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालिकाको आधारमा छनोट गरिएको ४० परिवारमध्ये ५७.५ प्रतिशत परिवारमा पहिलो निर्णय पुरुषको गर्दछन् तर अन्तिम निर्णय ६५ प्रतिशत परिवारमा गर्दछन् । यसैगरी पारिवारिक निर्णयमा सर्वेक्षण गरिएका परिवारमध्ये १२.५ प्रतशित परिवारमा पहिलो निर्णय महिलाले गर्दछन् तर अन्तिम निर्णय भने १० प्रतिशत मात्र रहेको छ । यसैगरी ३० प्रतशित परिवारमा पहिलो निर्णय दुवैले गर्दछन् भने परिवारको अन्तिम निर्णय भने १० प्रतित परिवारमा महिला पुरुष दुवैले गर्दछन् ।

# अध्याय : छ

## सारांश, तथा निष्कर्ष

### ६.१ सारांश

नेपालमा बसोवास गरी आएका राजवंशी झापाका आदिबासी हुन् । यस समुदायमा विभिन्न अध्ययन तथा अनुसन्धान भए तापनि महिलाको बारेमा अध्ययन नभएकाले यो राजवंशी महिलाहरूको सामाजिक तथा आर्थिक अवस्थाबारे गरिएको अध्ययन हो । साधारण तथा यस अनुसन्धानको उद्देश्य चारपाने गा.वि.स. वडा नं. ३ का राजवंशी महिलाको सामाजिक तथा आर्थिक अवस्थालाई यस अध्ययनले जोड दिएको छ । समाजमा भएका सामाजिक तथा परम्परागत रूपमा चलिआएका मूल्यमान्यताको प्रभाव कस्तो छ, यी तत्वहरूले महिलाको भूमिकामा कस्तो प्रभाव पार्दछ भन्ने कुराको अध्ययन यहाँ गरिएका छ । यसैगरी राजवंशी समुदायमा पारिवारिक कार्य विभाजनको प्रकृति कस्तो छ र महिला तथा पुरुषको भूमिकाको निर्धारण कसरी भएको र यसले पारिवारिक निर्णय प्रक्रियामा पारेको प्रभावको विश्लेषण यस अध्ययनमा गरिएको छ । साथै यस समुदायमा रहेका महिलाको वास्तविक स्थितिलाई यस अध्ययनले प्रष्ट पार्ने कोसिस गरेको छ ।

अध्ययनका लागि झापा जिल्ला चारपाने गा.वि.स. वडा नं.३ लाई छनोट गरिएको थियो । विभिन्न जातजातिहरूको साझा बसोवास स्थल रहेको यस क्षेत्रमा राजवंशी समुदायलाई अध्ययनको लागि छनोट गरिएको हो ।

यसरी यस समुदायको अध्ययन निम्न प्रश्नहरूलाई आधार बनाएर गरिएको थियो ।

- परिवारमा कसको भूमिका कस्तो छ ?
- श्रम विभाजनको प्रकृति कस्तो छ ?
- परिवार र परिवार बाहिर महिला र पुरुषको पेसागत भूमिका कस्तो छ ?
- परिश्रमको व्यवस्था कस्तो छ ?
- पारिवारिक सम्पत्तिमा महिलाको पहुँच कस्तो छ ?
- निर्णय प्रक्रियामा कसको भूमिका बढी छ ?

यस अध्ययनको मुख्य उद्देश्य राजवंशी जातिका महिला समुदायको सामाजिक तथा आर्थिक अवस्था बारे अध्ययन गर्ने भए तापनि यस अध्ययनको मुख्न्य उद्देश्य राजवंशी समुदायमा महिलाको भूमिका र पारिवारिका निर्णय प्रक्रियामा सहभागिता र स्रोतमाथि नियन्त्रणको अध्ययन गर्नु रहेको थियो ।

यो अध्ययन वर्णात्मक जातीय अध्ययनमा आधारित रहेको छ । साथै अध्ययनका लागि ६० घरधुरीमा ४८० जनसङ्ख्या रहेको राजवंशी समुदायमा अध्ययनको लागि ४० परिवारका घरमुलीलाई प्रत्येक एक घर छोडी अर्को घरलाई नमुना छनोटका रूपमा लिइएको छ । अध्ययनका क्रममा तथ्याङ्क सङ्कलनका लागि प्राथमिक तथा द्वितीय स्रोतहरू प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्कहरू कार्य क्षेत्रमा प्रत्यक्ष रूपमा गएर गरिएको छ । जसका लागि अन्तर्वार्ता प्रश्नावली सर्वेक्षण व्यक्तिको अध्ययन अवलोकन समूह छलफल तथा मुख्य सूचनादातासँगै अन्तर्वार्ता जस्ता तथ्याङ्क सङ्कलनका विधिहरू प्रयोग गरिएको छ । यसैगरी द्वितीय तथ्याङ्कको सङ्कलनको लागि प्रकाशित कृति, लेखहरू, पुस्तकालय तथा गाउँ विकास समिति र जिल्ला विकास समिति लगायतका स्थानीय निकायको सहयोगबाट तथ्याङ्क सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्कको विश्लेषणका लागि सामान्य विधि तथा ढाँचा जस्तै प्रतिशत र अनुपातको प्रयोग गरिएको छ । साथै तथ्याङ्क विश्लेषणका लागि सङ्ख्यात्मक तथा गुणात्मक ढाँचा प्रयोग गरिए तापनि यो समाजशास्त्रीय अध्ययन भएकाले सङ्ख्यात्मक ढाँचालाई जोड दिइएको छ ।

## ६.२ पत्ता लागेका मुख्य कुराहरू

राजवंशी समुदायमा गरिएको महिलाहरूको सामाजिक र आर्थिक अवस्थाको अध्ययनमा पत्ता लगाइएका मुख्य कुराहरू निम्न अनुसारका छन् ।

- घरायसी क्रियाकलापहरू खाना बनाउने, बच्चाको हेरचाह तथा सांस्कृतिक नीति नियमको पालना गर्नु भएकाले राजवंशी समुदायमा महिलाहरू सामाजिक रूपमा नै पछि परेका छन् ।

- राजवंशी समुदायको प्रकृति पुरुष प्रधान भएकोले महिलाहरू घरायसी क्षेत्र र पुरुषहरू सार्वजनिक क्षेत्रमा संलग्न छन् । त्यसैकारण पारिवारिक कार्य विभाजनको प्रकृति असमान रहेको छ जहाँ ९० प्रतिशत महिलाहरू घरायसी क्षेत्रमा एक्लै काम गर्दछन् ।
- राजवंशी समुदायमा सामाजिक, सांस्कतिक, धार्मिक, शैक्षिक तथा परम्परागत रूपमा समाजमा चलिआएका मूल्य, मान्यताको प्रभावले गर्दा महिलाहरू जीवनका विभिन्न अवसरहरूबाट वञ्चित भएका छन् । जस्तै : शिक्षा, रोजगारी, घुमफिर राजनीति आदि ।
- राजवंशी समुदायमा शैक्षिक रूपमा महिलाहरू पिछडिएका छन् । समाजका प्रत्येक क्रियाकलापमा उनीहरू पुरुषमाथि निर्भर हुने गर्दछन् ।
- राजवंशी समुदायमा महिलाहरू सामाजिक मूल्य मान्यतालाई नै निरन्तरण दिने र पुरुषको सहयोगी भएकाले पारिवारिक निर्णय प्रक्रियामा पुरुषले तुलनामा महिलाको पहुँच कम रहेको छ ।
- यस समुदायमा आर्थिक स्रोत रोजगार, व्यापार, व्यवसायका क्षेत्रमा पुरुषको सहभागिता बढी भएको र महिलाहरूको बढी समय घरायसी क्रियाकलापमा बित्ने भएकाले आयस्रोतको प्रकृति असमान रहेको छ ।
- परिवारको चल तथा अचल सम्पत्तिमाथि पुरुषको तुलनामा कम पहुँच रहेकाले महिलाले स्वतन्त्र रूपमा पारिवारिक क्रियाकलापमा निर्णय गर्न पाउँदैनन् ।
- समाजमा भएका सामाजिक तथा सांस्कृतिक मूल्य, मान्यता, विश्वास तथा परम्परागत नीति, नियमअनुसार समाजमा महिला पुरुषका कार्य विभाजन भएकाले महिलाहरू घरायसी र पुरुष सार्वजनिक क्षेत्रमा संलग्न रहेको छन् ।
- परिवारमा छोराले वंशको निरन्तरता दिने हुनाले सानैदेखि नै उचित सामाजिकीकरणको प्रक्रियाबाट राम्रो शिक्षा तथा समाजका विभिन्न गतिविधिहरूमा संलग्न गराइन्छ भने छोरी विवाह पश्चात अर्काको घरमा जानु पर्ने भन्दै पढाईमा भन्दा घरायसी काम सिकाइन्छ ।

- विगतको तुलनामा वर्तमान समयमा यस समुदायमा जनचेतनाको वृद्धिले गर्दा महिला शिथिल भए परिवार शिक्षित हुन्छ भन्ने मान्यताले गर्दा परिवारमा छोरा सरह छोरीलाई पनि समान शिक्षा दिइएको पाइन्छ ।

- यसरी यो राजवंशी समुदायमा परम्परागत रूपमा चलिआएका मूल्य मान्यता तथा विचारहरूमा खासै परिवर्तन नभएकाले समाजमा महिलाहरू सामाजिक बन्धनमा बाँधिएका हुन् ।

- यस अध्ययन क्षेत्रमा रहेको राजवंशी समुदाय चेतनाको कमीले समय अनुरूप आफ्ना समय अनुरूप आफ्ना सामाजिक तथा सांस्कृतिक मुख्य, मान्यता तथा परम्परागत विचारलाई परिवर्तन गर्न नसक्दा अन्य समुदायको तुलनामा पछाडि परेका छन् ।

- विगतको तुलनामा वर्तमान समयमा विभिन्न सञ्चारका साधन जस्तै : रेडियो, टि.भि., पत्रपत्रिकाबाट चेतनाको अभिवृद्धि भई सामाजिक, सांस्कृतिक तथा धार्मिक मूल्य मान्यता एवम् परम्परागत रूढीवादी क्रमिक रूपमा परिवर्तन आईरहेको छ ।

## ६.३ निष्कर्ष

यो राजवंशी समुदायमा महिलाहरूको सामाजिक र आर्थिक अवस्थाको बारेमा गरिएको अध्ययन हो । यस अध्ययन क्षेत्रमा रहेका राजवंशी समाजमा महिलाहरू घरायसी क्षेत्रमा र पुरुषहरू सार्वजनिक क्षेत्रमा संलग्न रहेका छन् । परिवारमा महिला तथा पुरुषहरू पारिवारिक तथा परिवार बाहिरका काममा संलग्न भए तापनि बढी सो काम महिलाले नै गर्दछन् साथै समाजमा सम्पूर्ण महिलाहरू घरायसी क्षेत्रमा नै सीमित रहेका छन् ।

राजवंशी समाज पूर्णतः पुरुषप्रधान रहेको छ । यहाँ प्रत्येक सामाजिक तथा आर्थिक क्रियाकलापमा पुरुषहरूको नै निर्णय अन्तिम हुने गर्दछ । समग्रमा राजवंशी महिलाहरूको अवस्था पुरुषहरूको तुलनामा नाजुक भए तापनि अन्य समकालीन तराईबासी महिलाहरूको भन्दा राम्रो छ । परिवारका सम्पूर्ण क्षेत्रमा हिला सहभागिता बढी भए तापनि महिलाले स्वतन्त्र रूपमा निर्णय गर्न सक्दैनन् । परिवारमा महिलाहरू पूर्ण रूपमा पुरुषमा निर्भर रहेका छन् । यसैगरी यस राजवंशी समुदायका समाजमा छोरीको तुलनामा छोराको बढी मह□व भएकोले

छोरालाई हरेक क्षेत्रमा स्वतन्त्रता दिइएको हुन्छ भने छोरी सामाजिक मान्यता अनुरूप आमा बाबुको आज्ञाअनुसार परिवारमा नै सीमित रहेका छन् । यसरी यस राजवंशी समुदायमा समाजमा पुरुषको प्रभुत्व रहेको छ र समाजमा महिलाहरू हरेक क्षेत्रमा दबिएका तथा पिछडिएका छन् ।

# सन्दर्भग्रन्थ सूची


उपाध्याय, रामप्रसाद, (२०५१), **नेपालको सामाजिक तथा आर्थिक इतिहास**, प्रथम संस्करण, काठमाडौँ : रत्नपुस्तक भण्डार ।

खत्री, प्रेम कुमार (२०३६), “हाम्रो समाज र संस्कृति”, काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र, त्रि.वि. ।

जोशी, सत्यमोहन (२०३९), “नेपाली चाडपर्व” प्रथम संस्करण, काठमाडौं, नेपाल ।

जिल्ला विकास समिति, (२०६१), झापा : लेखक ।

तामाङ्ग, सीता राम (२०४९), “नेपालमा जनजाति समस्याको समाधान”, **जन साहित्य** प्रकाशन केन्द्र, नेपाल ।

ताजपुरिया, काशीलाल (२०३६), पूर्वी तराईका बासिन्दा ताजपुरीया र राजवंशी, **मधुपर्क**, चैत्र-वैशाख (संयुक्ताङ्क), वर्ष १२, अङ्क ११/१२, पृ. १९-२४ ।

थोरनटोन, आरलाण्ड, अक्सीन, वीलियम जी., रिमाल, कृष्ण प्रसाद विष्ट, डोर बहादुर (१९७२), “द पिपुल अफ नेपाल”, रत्नपुस्तक भण्डार सकेण्ड एडिशन, काठमाडौं नेपाल ।

नेपाल सरकार, राष्ट्रिय योजना आयोगको सचिवालय केन्द्रिय तथ्याङ्क विभाग, तथ्याङ्क कार्यालय मोरङ्ग २०७२ असार कुन्तादेवी छापाखाना ।

नेपाल सरकार, सरकार सूचना विभाग (२०३१), **मेचीदेखि महाकालीसम्म,** भाग-१, काठमाडौं : सूचना मन्त्रालय, सूचना विभाग ।

बज्राचार्य, गौतम बज्र, (२०३३), **हनुमान ढोका राजदरबार,** (प्रथम संस्क), काठमाडौं : नेपाल र एसियाली अध्ययन केन्द्र ।

विष्ट, डोरबहादुर (२०३४), **सबै जातको फूलवारी**, (तेश्रो संस्क.), काठमाडौं साझा प्रकाशन ।

विष्ट, डोरबहादुर (२०५२), **सबै जातको फूलबारी,** (छैंठो संस्क.), काठमाडौं : साझा प्रकाशन ।

सेल्टर, जेकान एण्ड गुरुङ्ग, हर्क (१९४६), “फेसेस अफ नेपाल”, पब्लिस्ड इन जुन हिमाल एसोसिएशन ललितपुर, नेपाल ।

शाह, युगेशवर (सन् १९९३), **दर्वेसा गा.वि.स.को राजवंशी जाति,** अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग, त्रि.वि. ।

शर्मा, नगेन्द्र (सन् १९७६), **नेपाली जनजीवन,** (प्रथम संस्क.), दार्जिलिङ्ग : अचला प्रकाशन ।

शर्मा, जनकलाल (२०४९) **हाम्रो समाज : एक अध्ययन**, (दोश्रो संस्क.) ललितपुर : साझा प्रकाशन ।

शर्मा, नरेन्द्र (२०५२), **नेपाली जनजीवन**, (दोश्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, केशवकुमार (२०६८), **नेपालका राजवंशी परम्परा र परिवर्तन**, (प्रथम संस्क.), ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, केशव कुमार (२०६८), **राजवंशी जातिको भौतिक संस्कृति एवम् आर्थिक वनाट**, (प्रथम संस्क.) काठमाडौँ : पब्लिक प्रिन्टिङ्ग प्रेस पुतली सडक ।

श्रेष्ठ, स्वयम्भुलाल, (२०३२), **हाम्रो गरिमा**, (प्रथम संस्क). भद्रपुर : अलोक प्रेस, ।

श्रेष्ठ, ईश्वर गोविन्द (२०४२), **मोहनी,** (प्रथम संस्क.), विराटनगर : पाथीभरा पब्लिकेशन ।

क्षेत्री, गणेश (२०५४), **राजवंशी जातिको सामाजिक जीवन र रीतिरिवाज,** काठमाडौँ : अनुसन्धान महाशाखा ।

Acharya M. (1997). *Gender equality and empowerment of women*. A status Report submitted to UN FPA. Kathmandu.

Acharya M. and Bennett, L. (1981). *The status of women in Nepal*, Kathmandu: CEDA.

Acharya, M. (1994). Statistical Profile of Nepalese Women: An Update

Acharya, M. and Benelt, L. (1983), *Women and subsistence sector: Economic Participation and household decision making in Nepal*, World Bank staff working paper number 526, USA.

Bennet, L. (1983) *Dangerous wives and sacred sister, he social and symbolic roles of high Caste women in Nepal*, New York ColumbiaUniversity.

Bhattarai, H. P. (1994). *Cultural Strategies of the Rajbanshies for Adaptation: A Cultural-Ecological* Case Study of Rajgadh Village in Jhapa District. Department of Sociology, T.U.

Bista, D.B. (1972). *People of Nepal*, 2nd Ed. Kathmandu, Ratna Pustak Bhandar.

CBS, (2011). *Statistical Pocket Book 2002*, Kathmandu: CBS.

CBS, (2015). *Population Monograph of Nepal*, Kathmandu: CBS.

CEDA, (1972). *Population Development policy in Nepal*. Internal working Document. Kathmandu: CEDA, T.U. Nepal.

Central Bureau of Statistics, (2011), *Nepal Living Standards Survey Report*. 2011/2012. Vol. I, and II. Kathmandu : National Planning Commission.

David G. (1997). *Ethnicity and Nationalism in the worlds' only Hindu state*. in David Gellner, Joanna Pfaff-czarnecka and John whelpton (eds). Nationalism and ethnicity in a Hindu Kingdom: The politics of culture in contemporary Nepal. Amsterdam: Harwood.

Gait, S.E. (1962), *A History of Assam, 1st ed. Gauhati*, Assam LBS Publication.

Ghimire, D. (1991). *Girl Child and the Family*. NEPAS, Journal, XT, 1991.

Gurung, H. (1998). *Nepal social Demography and Expressions*. Kathmandu: New ERA.

Hamilton, B. (1880). *Niscellaneous Essays Reloting to Indian Subject*, Vol.1 London, Trubnerce Ludgage Hill.

Hodgson, F.B. (1971). *An Account of the Kingdom of Nepal*, New Delhi, Manju Sri Publishing House.

*Human Developmetn Report*, (1998), UNDP. www.ge.undp.org.

*National Population and Housing Census* (2011). cbs.gov.np.

Ortnet S.B. (1977). *Shepra through their ritual*. Oxford University.

Rouni, N.B. (1882). *Wild Tribes of India*, 1st Ed. Delhi: Konark Pukusger.

Sanyal, C.C. (1967). *Rajbanshies of West Bengal, Calcutta, Asiatic Society.*

Shrestha, S.L. (1994). *Gener senistive planning what why and how in Nepal*. Women awarness centre. CEDA.

Village Profile (2068). *Charpane Village Developmetn Committe*. Purwanchal Publication.

**चारपाने गा.वि.स.का राजवंशी जातिको महिलाहरूको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययनको लागि अध्ययन क्षेत्रमा तथ्याङ्क सङ्कलन तथा अन्तर्वार्तामा प्रयोग गरिएको प्रश्नावली**

**१.अन्तर्वार्ता मिति :**

**२. घरधरी क्रमाङ्क :**

**३. उत्तरदाताको नाम थर :**

(क) लिङ्ग : (ख) उमेर :

(ग) शिक्षा (घ) भाषा

(ङ) धर्म (च) पेसा

**४. वैवाहिक स्थिति**

(क) विवाहित (ख) अविवाहित

(ग) एक महिला (घ) सम्बन्ध विच्छेद

(ङ) अन्य

**५. परिवारको प्रकार**

(क) एकात्मक (ख) संयुक्त (ग) बृहत्

**६. उत्तरदाताको पारिवारिक संरचना**

| क्र.सं. | उत्तरदाताको नाम | उमेर | लिङ्ग | शिक्षा | पेसा | धर्म |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

| वैवाहिक अवस्था | कैफियत |
|---|---|
| | |
| | |

**७. सामाजिक पक्ष**

(अ) तपाईंको घरमा को घुरमूली हुनुहुन्छ ?

(क) बाबु (ख) आमा

(ग) जेठो दाई (घ) अन्य

(आ) तपाईंको परिवार सङ्ख्या कति छ ?

.......................................................

(ग) तपाईंको परिवारको खानेपानीको मुख्य स्रोत कुन हो ?

(क) इनार, कुवा (ख) धारा

(ग) नदी, कुलो (घ) अन्य

(इ) तपाईंको समाजमा महिलाको व्यक्तित्व स्थिति कस्तो छ ?

(क) राम्रो (ख) अति राम्रो

(ग) नराम्रो (घ) अति नराम्रो

(ई) तपाईंको समाजमा महिलाले कस्ता काम गर्दछन् ?

(क) घरभित्र (ख) सरकारी

(ग) व्यापार (घ) अन्य

(उ) तपाईंको परिवारको प्रकृति कस्तो छ ?

(क) मातृसत्तात्मक (ख) पितृसत्तात्मक

(ऊ) तपाईंको समाजमा महिला र पुरुष बिचका संस्कारहरू कस्ता छन् ?

(क) जन्म : ........................................................................................

(ख) विवाह : ........................................................................................

(ग) व्रतबन्ध : ........................................................................................

(घ) न्वारन : ........................................................................................

(ङ) पास्नी : ........................................................................................

(च) मृत्यु : ........................................................................................

(छ) समाजमा महिलाले कस्तो काम गर्दछन् ?

(क) पारिश्रमिक (ख) विना पारिश्रमिक (ग) दुवै

(ऋ) तपाईंको परिवारमा महिलाले कुन क्षेत्रमा बढी काम गर्दछन् ?

(क) घरायसी (ख) सार्वजनिक

(ए) तपाईंको परिवार सञ्चालनमा तपाईंको भूमिका कस्तो छ ?

(क) मुख्य (ख) सहायक (ग) दुवै

(ऐ) घरायसी क्रियाकलापमा कसको भूमिका बढी रहन्छ ?

(क) महिला (ख) पुरुष (ग) दुवै

(ओ) सामाजिक कार्यक्रममा सहभागी हुने निर्णय कसले गर्दछ ?

(क) पति (ख) पत्नी (ग) दुवै

**८. आर्थिक पक्ष**

(क) तपाईंको मुख्य पेसा के हो ?

........................................................................................

(ख) तपाईंको परिवारको आम्दानीको मुख्य स्रोत के हो ?

(क) कृषि (ख) नोकरी

(ग) व्यापार (घ) अन्य

(ग) घरपरिवारमा खर्चको निर्णय कसले गर्दछ ?

(क) बाबु (ख) आमा

(ग) छोरा (घ) अन्य

(घ) स्रोतमाथि कसको नियन्त्रण हुन्छ ?

(क) पुरुष (ख) महिला (ग) दुवै

(ङ) तपाईंको घरको किसिम कस्तो छ ?

(क) कच्ची (ख पक्की

(च) के तपाईं वा परिवारसँग आफ्नै जग्गा जमिन छ ?

(क) छ (ख) छैन

(छ) यदि छ भने के कति मात्रामा जग्गा जमिन रहेको छ ?

जग्गा जमिनको परिमाण (विघामा) खेत बारी

०-१ विघा

०-२ विघा

२-३ विघा

३-४ विघा

४-५ विघा

५-२० विघा

(ज) वार्षिक आम्दानी कति हुन्छ ?

(क) धान ...............................................

(ख) गहुँ ...............................................

(ग) तेल ...............................................

(घ) अन्य ..............................................

**९. तपाईंले घरमा पशुपंक्षी के-के र कति मात्रामा पाल्नु भएको छ ?**

..........................................................................................

**१०. तपाईंको परिवारको कुनै सदस्य विरामी भएमा उपचारका लागि सबैभन्दा पहिले कहाँ जानुहुन्छ ?**

(क) लामा, धामी, झाँक्री (ख) स्वास्थ्य चौकी

(ग) अस्पताल (घ) घरेलु औषधी

**११. तपाईंका छोराछोरीलाई स्कुल पठाउने गर्नुहुन्छ ?**

(क) छु (ख) छैन

**१२. यदि छ भने छोराछोरीलाई कस्तो स्कुलमा पठाउने गर्नुहुन्छ ?**

(क) सरकारी (ख) निजी

**१३. तपाईंको छोराछोरीमाथि विद्यालयमा कुनै भेदभाव भएको छ ?**

(क) छ (ख) छैन

**१४. तपाईंको घरमा सञ्चारका साधनहरू के-के छन् ?**

(क) रेडियो क्यासेट (ख) टि.भि, टेलिफोन

(ग) कम्प्युटर (घ) अन्य

**१५. तपाईं आफूले कमाएको पैसा आफूखुसी खर्च गर्न पाउनुहुन्छ ?**

(क) पाउँछु (ख) पाउँदिन (ग) कहिलेकाहीँ

**१६. हाल तपाईंको बचत गर्नु भएको छ ? यदि छ भने बचत कहाँ राख्नु भएको छ ?**

(क) बैङ्क वा वित्तिय संस्था (ख) घरैमा

(ग) छिमेकीलाई ब्याजमा (घ) साहुकोमा

(ङ) अन्य

**१७. आर्थिक रूपमा तपाईंको आम्दानी तथा खर्चहरू के कति हुन्छ ?**

(क) आम्दानी रु. ..................................... (ख) खर्च रु. ........................................

## अनुसूची १



बजारमा सामग्री बेच्दै राजवंशी महिलाहरू ।



विद्यालय जाँदै गरेका राजवंशी विद्यार्थीहरू ।



लक्ष्मीपूजाका लागि तयार गरिएको मन्दिर ।



पूजा गर्दै एक राजवंशी महिला ।



स्थानीय बजारमा राजवंशी समुदायका महिला पुरुषहरू ।



चिया बगानमा काम गर्दै एक राजवंशी महिला ।



स्थानीय विद्यालयमा राजवंशी समुदायका बालबालिकाहरू ।



स्थानीय बजारमा सामग्री बेच्दै राजवंशी महिलाहरू ।



खाना बनाउँदै राजवंशी महिलाहरू ।



चिया बगानमा काम गर्दै राजवंशी समुदायका युवतीहरू ।



स्थानीय बजारमा सामग्री बेच्न ग्राहक कुरेर बसेकी राजवंशी महिला ।



पापड बेच्दै राजवंशी महिला । साथमा अन्य पुरुषहरू ।



पसलमा चटपटे बनाउँदै एक राजवंशी महिला ।